## विषय सूची

**परिच्छेद - १** ........ १

**प्रारम्भिक**........ १

१. संक्षिप्त नाम र प्रारम्भः ........ १

२. परिभाषाः........ १

**परिच्छेद - २** ........ ३

**शिक्षक, कर्मचारीको दरवन्दीको सृजना र पदको वर्गीकरण**........ ३

३. दरवन्दीको सृजनाः ........ ३

४. पद तथा श्रेणीहरूको वर्गीकरणः ........ ३

५. पदपूर्तिः ........ ४

६. उम्मेदवारको लागि आवश्यक न्यूनतम योग्यताः........ ५

७. नियुक्तिः ........ ६

८. परीक्षणकालः ........ ७

९. अस्थायी नियुक्तिः........ ७

१०. करार र आगन्तुक शिक्षकः ........ ७

११. पदावधिको गणनाः ........ ८

१२. कायम मुकायमः ........ ८

**परिच्छेद - ३** ........ १०

**सेवा सुरक्षा**........ १०

१५. सेवा सुरक्षाः ........ १०

१६. सेवा-शर्तको सुरक्षाः........ १०

**परिच्छेद - ४** ........ ११

**सरूवा**........ ११

१७. सरूवाः ........ ११

१८. सरूवा गर्ने अधिकारीः........ ११

१९. काजः........ ११

२०. काज खटाउने अधिकारः........ १२

**परिच्छेद - ५** ........ १३

**हाजिरी र विदा**........ १३

२१. हाजिरीः........ १३

२२. हाजिरीको अभिलेखः ........ १३

२३. विदाको किसिमः........ १३

२४. घर विदाः........ १३

२५. विरामी विदाः ........ १४

२७. पर्व विदाः........ १६

२८. भैपरी आउने विदाः........ १६

२९. क्रिया विदाः........ १६

३०. अध्ययन विदाः........ १६

३१. स्वअध्ययन विदाः........ १७

३२. असाधारण विदाः ........ १८

३३. विशेष तलबी विदाः ........ १८

३४. विदा संचितः........ १९

३५. विदा उपभोगः ........................................................................................१९
३६. विदा अधिकार नहुनेः...................................................................................१९
३७. विदा स्वीकृत गर्ने अधिकारीः ..........................................................................१९
**परिच्छेद - ६........................................................................................................२०**
**तलब, भत्ता, औषधि उपचार, चाडपर्व खर्च र सुविधाहरू......................................................२०**
३८. तलब भत्ताः............................................................................................... २०
३९. तलब भुक्तानीः ........................................................................................... २०
४०. दैनिक तथा भ्रमण भत्ताः................................................................................. २०
४१. पारिवारिक दैनिक तथा भ्रमण भत्ताः ................................................................... २०
४२. निलम्बनको अवधिको तलबः ............................................................................ २०
४३. चाडपर्व खर्चः ............................................................................................२१
४४. औषधि उपचार खर्चः .....................................................................................२१
४५. विश्वविद्यालय सेवा पदकको व्यवस्थाः.................................................................२२
४६. दाह संस्कार खर्चः .......................................................................................२२
४७. प्राथमिकता र सहुलियतः ................................................................................२२
४८.चेयर प्रदानः...............................................................................................२२
४९. मरणोपरान्त अनुदानः ....................................................................................२२
**परिच्छेद - ७ .....................................................................................................२३**
**अवकाश.....................................................................................................२३**
५०. अनिवार्य अवकाशः ..................................................................................... २३
५१. स्वैच्छिक अवकाशः ...................................................................................... २४
५२. सेवा अवधिको गणनाः.................................................................................... २४
**परिच्छेद –८ ......................................................................................................२५**
**उपदान र निवृत्तिभरण..............................................................................................२५**
५३. उपदान र निवृत्तिभरण कोषः.............................................................................२५
५४. उपदानः ...................................................................................................२५
५५. निवृत्तिभरणः............................................................................................. २६
५६. निवृत्तिभरण वृद्धिः.........................................................................................२७
५७. पारिवारिक निवृत्तिभरणः .................................................................................२७
५८. असाधारण पारिवारिक निवृत्तिभरणः .................................................................. २८
५९. समिति गठनः..............................................................................................२९
६०. तलबको उल्लेखः..........................................................................................२९
६१. उपदान तथा निवृत्तिभरण पाउने हकवालाको क्रम र कार्यविधिः..........................................२९
६२. उपदान वा निवृत्तिभरण रोक्काः ..........................................................................३०
६३. उपदान वा निवृत्तिभरण पाउनेः ..........................................................................३०
**परिच्छेद - ९.......................................................................................................३२**
**शिक्षक, कर्मचारीको सञ्चयकोष र सापटी.......................................................................३२**
६४. कर्मचारी सञ्चयकोषः.....................................................................................३२
६५. सापटी तथा पेश्कीः........................................................................................३२
**परिच्छेद - १० ....................................................................................................३३**
**शिक्षक, कर्मचारीको आचरण...................................................................................३३**
६६. विश्वविद्यालयका शिक्षक, कर्मचारीको आचरणः..........................................................३३

**परिच्छेद - ११** ........ ३५

**विभागीय कारवाही, सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था** ........ ३५

६७. सजायः ........ ३५

६८. नसीहत, ग्रेड वृद्धि वा बढुवा रोक्काः ........ ३५

६९. सेवाबाट हटाउने वा बर्खास्त गर्नेः ........ ३५

७०. विभागीय कारवाही र सजाय सम्बन्धी विषेश व्यवस्थाः ........ ३६

७१. तलब कट्टीः ........ ३७

७२. निलम्बनः ........ ३७

७३. सजाय सम्बन्धी कार्यविधिः ........ ३७

७४. सेवा आयोगसँग परामर्श ........ ३८

७५. सजाय गर्ने अधिकारीः ........ ३८

७६. पुनरावेदनः ........ ३८

७७. सेवामा पुनः कायम र तलब भत्ताः ........ ३८

७८. नोकरी थाम्न कर नलाग्नेः ........ ३८

**परिच्छेद - १२** ........ ४०

**विश्वविद्यालय सेवा आयोगको काम, कर्तव्य र अधिकार** ........ ४०

७९. विश्वविद्यालय सेवा आयोगको काम, कर्तव्य र अधिकारः ........ ४०

**परिच्छेद - १३** ........ ४१

**विश्वविद्यालय सेवा आयोगको बैठक र निर्णय** ........ ४१

८०. विश्वविद्यालय सेवा अयोगको बैठक र निर्णयः ........ ४१

**परिच्छेद - १४** ........ ४२

**विश्वविद्यालय सेवाको परीक्षा सञ्चालन र पाठ्यक्रम निर्धारण** ........ ४२

८१. विश्वविद्यालय सेवाको परीक्षा सञ्चालनः ........ ४२

८२. शैक्षिक योग्यता र पाठ्यक्रमः ........ ४३

**परिच्छेद - १५** ........ ४४

**विश्वविद्यालय सेवा आयोगसँग परामर्शसम्बन्धी कार्यविधि** ........ ४४

८३. विश्वविद्यालय सेवासंग परामर्श लिँदा अपनाउनुपर्ने कार्यविधिः ........ ४४

८४. विश्वविद्यालय सेवा आयोगले परामर्श दिँदाको अपनाउने कार्यविधिः ........ ४४

**परिच्छेद - १६** ........ ४५

**निरीक्षण** ........ ४५

८५. निरीक्षणः ........ ४५

८६. पुनरावलोकनः ........ ४५

**परिच्छेद - १७** ........ ४६

**अधिकार प्रत्यायोजन** ........ ४६

८७. अधिकार प्रत्यायोजनः ........ ४६

८८. उजुरीः ........ ४६

८९. सेवा आयोगको कार्यालयः ........ ४७

९०. आचार संहिताः ........ ४७

९१. कार्यविधि निर्धारणः ........ ४७

९२. गोप्यताः ........ ४७

९३. विशेष व्यवस्थाः ........ ४७

**परिच्छेद - १८** ........................................................ ४९

**पुनरावेदन आयोग** ........................................................ ४९

९४. आयोगको गठनः ........................................................ ४९

९५. आयोगको अधिकार र अधिकारको प्रयोगः ........................................................ ५०

९६. आयोगको अधिकार क्षेत्रः ........................................................ ५०

९७. आयोगको कार्यविधिः ........................................................ ५०

९८. प्रतिरक्षाः ........................................................ ५०

९९. आयोगका अध्यक्ष तथा सदस्यहरूको पदावधि तथा अन्य सेवा-शर्त सम्बन्धी सुविधाहरू ........................................................ ५०

१००. आयोगलाई आवश्यक कर्मचारी तथा अन्य व्यवस्थाः ........................................................ ५१

१०१. निर्णयको कार्यान्वयनः ........................................................ ५१

१०२. नक्कलः ........................................................ ५१

**परिच्छेद - १९** ........................................................ ५२

**विविध** ........................................................ ५२

१०३. पूर्वसूचनाः ........................................................ ५२

१०४. सुविधा दिनेः ........................................................ ५२

१०५. नीरोगिताको प्रमाणपत्रः ........................................................ ५२

१०६. काम गर्ने समयः ........................................................ ५२

१०७. सेवा विवरणः ........................................................ ५३

१०८. बुझबुझारथः ........................................................ ५३

१०९. राजीनामा सम्बन्धी व्यवस्थाः ........................................................ ५४

११०. समायोजनः ........................................................ ५४

११०क. समायोजन सम्बन्धि विशेष व्यवस्थाः ........................................................ ५४

१११. कार्यव्यवस्थापन प्रणालीः ........................................................ ५७

# सुदूरपश्चिम विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली, २०६८

सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ का दफा ३१ र ४३ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम विश्वविद्यालय सभाले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद - १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमको नाम सुदूरपश्चिम विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली, २०६८ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः (१) विषय वा प्रसंगले अर्को अर्थ लागेमा वाहेक यस नियममाः

(क) "ऐन" भन्नाले सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ सम्भन्नु पर्दछ ।

(ख) "नियम" भन्नाले सुदूरपश्चिम विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली, २०६८ सम्भन्नु पर्दछ ।

(ग) "विश्वविद्यालय" भन्नाले सुदूरपश्चिम विश्वविद्यालय सम्भन्नु पर्दछ ।

(घ) "सभा" भन्नाले ऐनको दफा ७ बमोजिमको विश्वविद्यालयको सभा सम्भन्नु पर्दछ ।

(ङ) "कार्यकारी परिषद्" भन्नाले ऐनको दफा १२ बमोजिमको कार्यकारी परिषद् सम्भन्नुपर्दछ।

(च) "सेवा आयोग" भन्नाले ऐनको दफा २१ बमोजिम गठित सेवा आयोग सम्भन्नु पर्दछ ।

(छ) "पुनरावेदन आयोग" भन्नाले यसै नियमको परिच्छेद १८ बमोजिम गठन भएको पुनरावेदन आयोग सम्भन्नु पर्दछ ।

(ज) "अध्यक्ष" भन्नाले यसै नियमको परिच्छेद को १२ प्रयोजनको लागि सेवा आयोगको र परिच्छेद १८ प्रयोजनको लागि पुनरावेदन आयोगको अध्यक्षलाई सम्भन्नु पर्दछ ।

(झ) "सदस्य" भन्नाले यस ऐनको दफा २१ को प्रयोजनको लागि सेवा आयोगको सदस्य र परिच्छेद १८ को प्रयोजनका लागि पुनरावेदन आयोगको सदस्य सम्भन्नु पर्दछ ।

(ञ) "संकाय" भन्नाले विश्वविद्यालयको संकायलाई सम्भन्नु पर्दछ ।

*(ट) "विभाग" भन्नाले विश्वविद्यालयको डीन कार्यालय अन्तर्गतका विभाग सम्भन्नु पर्दछ।

(ठ) "निकाय" भन्नाले विश्वविद्यालयमा रहेको वा सो अन्तर्गतको कुनै पनि निकाय वा कार्यालय सम्भन्नु पर्दछ ।

(ड) "पदाधिकारी" भन्नाले ऐनको दफा ६ र तोकिए बमोजिमका पदाधिकारीहरू सम्भन्नु पर्दछ।

(ढ) "उपकुलपति" भन्नाले विश्वविद्यालयको उपकुलपति सम्भन्नु पर्दछ ।

(ण) "रजिष्ट्रार" भन्नाले विश्वविद्यालयको रजिष्ट्रार सम्भन्नु पर्दछ ।

(त) "डीन" भन्नाले विश्वविद्यालयको संकाय, स्कूल र कलेजको डीन सम्भन्नु पर्दछ ।

---

* शिक्षक, कर्मचारी सेवा नियमावली (पहिलो संशोधन) २०७० द्वारा संशोधित

*(थ) "शिक्षक" भन्नाले विश्वविद्यालय ऐन, २०६७ को दफा २ को उपदफा (थ) बमोजिम विश्वविद्यालयमा शिक्षा प्रदान गर्ने वा अनुसन्धान गर्ने गराउने प्राध्यापक (Professor), सह-प्राध्यापक (Associate Professor), उप-प्राध्यापक (Assistant Professor) तथा सहायक प्राध्यापक (Assistant Lecturer) सम्झनु पर्दछ र सो शब्दले विश्वविद्यालयका विभिन्न तहका प्रशिक्षक (Instructor) तथा यस नियमावलीमा शिक्षक भनी तोकिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

(द) "कर्मचारी" भन्नाले विश्वविद्यालयको वहालवाला कर्मचारी सम्झनु पर्दछ ।

(ध) "प्रमुख" भन्नाले शिक्षक वा कर्मचारीका पदाधिकारमा वा कार्यरत रहेको निकाय वा कार्यालयको प्रमुख सम्झनु पर्दछ ।

(न) "विश्वविद्यालय सेवा" भन्नाले विश्वविद्यालयका शिक्षक तथा अन्य कर्मचारीको सेवा सम्झनु पर्दछ।

(प) "अख्तियारवाला" भन्नाले तोकिएको अख्तियारवाला सम्झनु पर्दछ ।

(फ) "उपदान वा निवृत्तिभरण" कोष भन्नाले विश्वविद्यालयको आर्थिक प्रशासन नियमावली बमोजिम स्थापना गरिएको विश्वविद्यालयको उपदान तथा निवृत्तिभरण कोष सम्झनु पर्दछ ।

(ब) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस नियम र यस नियम अन्तर्गतका कार्यविधि र कार्य व्यवस्थापन प्रणाली बमोजिम तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(२) नियमावलीको व्याख्याः यस नियमावलीको ब्याख्या गर्ने अधिकार कार्यकारी परिषद्लाई हुनेछ ।

(३) बाधा अडकाउ फुकाउनेः यो नियमावलीको कार्यान्वयन गर्दा वा विश्वविद्यालयको कार्य सम्पादन गर्दा कुनै किसिमको बाधा अडकाउ आएमा सो बाधा अडकाउ फुकाउने अधिकार कार्यकारी परिषद्लाई हुनेछ। यो नियमावली कार्यान्वयन गर्न कुनै विशेष व्यवस्था गर्नुपर्ने भएमा कार्यकारी परिषद्ले निर्णय गरी सो व्यवस्था गर्न सक्नेछ । यसरी गरिएको +व्यवस्था सम्बन्धी निर्णय लगत्तै बस्ने सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(४) कार्यविधि वा कार्य व्यवस्थापन प्रणाली बनाउने अधिकारः यस नियमावलीको कार्यान्वयन गर्न र उद्देश्य प्राप्तिका लागि कार्यविधि र कार्य व्यवस्थापन प्रणाली बनाई कार्यकारी परिषद्ले लागू गर्न सक्नेछ ।

(५) काम कारवाही वैध हुनेः यो नियमावली लागु हुनु भन्दा अगाडी कार्यकारी परिषद् वा उपकुलपति वा रजिष्ट्रार वा अन्य पदाधिकारीले गरे गराएको शिक्षक कर्मचारी सेवा सम्बन्धी काम कारवाही यसै नियमबमोजिम भए गरेको मानिनेछ ।

(६) बचाउः विश्वविद्यालय ऐन नियमबमोजिम विश्वविद्यालयका पदाधिकारी, शिक्षक वा कर्मचारीले असल नियतले गरेका कुनै काम कारवाहीका सम्बन्धमा निजहरू उपर मुद्दा चलाइने वा अन्य कुनै कानूनी कारवाही गरिने छैन ।

* शिक्षक, कर्मचारी सेवा नियमावली (पहिलो संशोधन) २०७० द्वारा संशोधित

+ शिक्षक, कर्मचारी सेवा नियमावली (पहिलो संशोधन) २०७० द्वारा संशोधित

(७) ऐनको मनसायबमोजिम व्याख्या गर्नुपर्नेः विश्वविद्यालय ऐनमा प्रयुक्त शब्द र वाक्यांशहरू यस नियमावलीमा प्रयोग भएकोमा प्रसंगवश अर्को अर्थ लागेमा ती वाक्यांश र शब्दहरूको व्याख्या ऐनकै प्रसंग अनुरूप गरिने छ ।

## परिच्छेद - २

### शिक्षक, कर्मचारीको दरवन्दीको सृजना र पदको वर्गीकरण

३. दरवन्दीको सृजनाः विश्वविद्यालयमा शिक्षक तथा कर्मचारीहरूको दरबन्दी कार्यकारी परिषद्ले तोकेबमोजिम रहनेछ ।

४. पद तथा श्रेणीहरूको वर्गीकरणः (१) विश्वविद्यालयमा देहायका पद तथा श्रेणीहरू रहनेछन्ः

*(क) शिक्षक

| **पद** | **श्रेणी** |
|---|---|
| १. प्राध्यापक (Professor) | विशिष्ट |
| २. सह-प्राध्यापक (Associate Professor) | प्रथम |
| ३. उप-प्राध्यापक (Assistant Professor) | द्वितीय |
| ४. सहायक प्राध्यापक (Assitant Lecturer) | तृतीय |
| ५. प्रशिक्षक (Instructor) | तृतीय |
| ६. शिक्षण सहायक (Teaching Assistant) | तृतीय |
| (ख) अधिकृत स्तरका कर्मचारी | **श्रेणी** |
| १. सह-प्रशासक वा सो सरह | प्रथम |
| २. उप-प्रशासक वा सो सरह | द्वितीय |
| ३. सहायक प्रशासक वा सो सरह | तृतीय |

(ग) सहायक स्तरका कर्मचारी

१. हेड असिस्टेन्ट

२. असिस्टेन्ट

३. सपोर्ट स्टाफ +(श्रेणी विहीन)

♣(२) शिक्षण सहायक (Teaching Assistant) तहको पद अस्थायी मात्र हुनेछ र यस पदमा करार सेवामा मात्र नियुक्ति गर्न सकिनेछ । शिक्षण सहायकको सेवा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

---

* शिक्षक, कर्मचारी सेवा नियमावली पहिलो संशोधन (२०७०) द्वारा संशोधित (पहिलो संशोधन २०७० द्वारा शिक्षकको परिभाषामा संशोधन भएकोले नियम २(१)को (थ) बमोजिम एकरुपता कायम गरिएको

+ शिक्षक, कर्मचारी सेवा नियमावली (पहिलो संशोधन) २०७० द्वारा थप

(३) उपनियम (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी परिषद्ले आवश्यकताअनुसार सहायक स्तरका कर्मचारीहरूको वर्गीकरण गर्न सक्नेछ ।

(४) उपनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालय सेवामा कार्यकारी परिषद्ले तोकिए बमोजिमका विभिन्न समूह तथा उपसमूहहरू रहन सक्नेछन्।

(५) शिक्षाको क्षेत्रमा उल्लेखनीय काम गरेको आधारमा सभाको स्वीकृतिमा वर्तमान र भूतपूर्व शिक्षकहरूलाई कुलपतिबाट विशिष्ट प्राध्यापक ♥(Professor Emeritus) पदमा नियुक्ति गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिम नियुक्त विशिष्ट प्राध्यापकको तलब, सुविधा, अवधि अन्य सेवाशर्त कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ ।

५. पदपूर्तिः (१) विश्वविद्यालय सेवामा रिक्त रहेका वा सृजना गरिएका पदहरूमध्ये आन्तरिक वा खुला प्रतियोगिताद्वारा तोकिएको आधारमा पद पूर्ति गर्न सकिनेछ ।

(२) सेवामा रिक्त रहेका पदहरू मध्ये आन्तरिक वा खुल्ला प्रतियोगिताद्वारा शिक्षक, तथा कर्मचारीको शैक्षिक योग्यता, कार्यक्षमता, जेष्ठता र कार्यसम्पादन समेतको मूल्या°नबाट बढुवाद्वारा पूर्ति गरिने पदहरूको प्रतिशत कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालय सेवालाई समावेशी वनाउन सेवा प्रवेशको खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरूमध्ये ४५ प्रतिशत पद छुट्टयाई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारहरू बीचमा मात्र छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पद पूर्ति गरिनेछ ।

क) महिला - तेत्तिस प्रतिशत

ख) आदिवासी/जनजाति - सत्ताइस प्रतिशत

ग) मधेसी - बाईस प्रतिशत

घ) दलित - नौ प्रतिशत

ङ) अपा· - पाँच प्रतिशत

च) पिछडिएको क्षेत्र - चार प्रतिशत

१) यस उपनियमको प्रयोजनको लागि पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझा· , बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्दछ।

---

♣ शिक्षक, कर्मचारी सेवा नियमावली (पहिलो संशोधन) २०७० द्वारा संशोधित

♥ शिक्षक, कर्मचारी सेवा नियमावली (पहिलो संशोधन) २०७० द्वारा अंग्रेजी थप गरिएको

२) यस उपनियमको खण्ड (क), (ख), (ग) र (घ) को प्रयोजनको लागि "महिला, आदिवासी/जनजाति, मधेसी र दलित" भन्नाले आर्थिक सामाजिक रूपमा पछाडि परेका "महिला, आदिवासी/जनजाति, मधेसी र दलित सम्भनुपर्दछ ।"

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (३) को खण्ड (ङ) बमोजिम निर्धारित प्रतिशतको पदको कुनै खास प्रकृतिको तोकिए बमोजिमको किसिमका अपाङ्गहरू बीच मात्र प्रतिस्पर्धा गर्न पाउने गरि प्रतिस्पर्धात्मक परीक्षाद्वारा पूर्ति गरिनेछ ।

(५) उपनियम (३) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घाताङ्क (फ्याक्शन) आएमा त्यस्तो घाताङ्क जुन समूहको घाताङ्क आएको हो सो भन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ ।

(६) उपनियम (३) बमोजिम छुट्टयाईएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार हुन नसकेमा त्यस्तो पद खुल्ला प्रतिस्पर्धा र पूर्ति हुने पदमा समावेश गर्नु पर्नेछ ।

(७) उपनियम (३) द्वारा पद पूर्ति गर्ने व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नुपर्नेछ ।

६. उम्मेदवारको लागि आवश्यक न्यूनतम योग्यताः (१) विश्वविद्यालय सेवाको पदमा नियुक्ति र बढुवाका निमित्त उम्मेदवार हुन चाहिने आवश्यक न्यूनतम योग्यता शिक्षकको लागि प्राज्ञिक परिषद्को सिफारिसमा कार्यकारी परिषद्ले र कर्मचारीको लागि कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ ।

(२) विश्वविद्यालय सेवाको पदमा शिक्षकको तथा कर्मचारीको नियुक्ति र बढुवाका लागि सिफारिस गर्ने आधार र कार्यसम्पादन मूल्या°न कार्यकारी परिषद्को सिफारिसमा सेवा आयोगले तोकेबमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्ति र बढुवाको आधार कार्यक्षमताको अङ्कको विभाजन कार्यकारी परिषद्को
सिफारिसमा सेवा आयोगले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) सेवा आयोगले गरेको आन्तरिक प्रतियोगिताद्वारा नियुक्ति वा बढुवाको सिफारिसमा चित्त नबुभ्ने शिक्षक तथा कर्मचारीले सो सिफारिस गरेको मितिले १५ दिनभित्र पुनरावेदन आयोगमा उजुरी दिन सक्नेछन ।

(५) उपनियम (४) बमोजिम परेको उजुरीमा पुनरावेदन आयोगले ३० दिन भित्र अन्तिम कारवाही किनारा गरिसक्नु पर्नेछ ।

(६) उपनियम (५) को म्याद भित्र अन्तिम किनारा नभई म्याद थप गर्नु पर्ने भएमा सो को कारण खुलाई म्याद थपको लागि कार्यकारी परिषद्मा पेश गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम माग गरिएको म्याद थप स्वीकृत भएमा सो माग गरिएको अवधिभित्र अन्तिम किनारा लगाई सक्नु पर्ने छ ।

(८) उपनियम (७) बमोजिम बढेको म्याद भित्र पनि उक्त उजुरीको अन्तिम किनारा नलागेमा नियुक्ति वा बढुवाको लागि सिफारिस गरिएको व्यक्तिलाई नियुक्ति दिन बाधा हुने छैन ।

(९) उम्मेदवारको लागि अयोग्यताः विश्वविद्यालयको सेवाको पदमा देहायका व्यक्तिहरू उम्मेदवार हुन सक्ने छैनन् ।

(क) अधिकृत स्तर भन्दा मुनिको पदमा १८ वर्ष उमेर पूरा नभएको ।

(ख) शिक्षण र अधिकृत स्तरका कर्मचारी तर्फ २१ वर्ष उमेर पूरा नभएका ।

♣(ग) ३५ वर्ष उमेर पूरा भईसकेका तर महिला र प्राविधिक कर्मचारीको हकमा ४० वर्ष र शिक्षकको हकमा ४५ वर्ष पूरा गरेको ।

(घ) शिक्षण तर्फ प्राध्यापक र सह-प्राध्यापकको खुल्ला प्रतियोगितामा ५० वर्ष नाघेका विश्वविद्यालय सेवा बाहिरका व्यक्तिहरू उम्मेदवार हुन सक्ने छैनन् ।

(ङ) विश्वविद्यालय सेवा वा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएका

(च) गैर नेपाली नागरिक ।

(छ) यस उपनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सुदूरपश्चिम विश्वविद्यालय ऐन २०६७, को दफा ३ (२) बमोजिम यस विश्वविद्यालयमा समायोजन हुने त्रि.वि. का आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसका शिक्षक, कर्मचारीको हकमा भने पहिलो पटकको लागि उमरेको हद लाग्ने छैन ।

७. नियुक्तिः (१) शिक्षक तथा कर्मचारीहरूलाई सेवा आयोगको सिफारिसमा विश्वविद्यालय सेवामा कार्यकारी परिषद्द्वारा नियुक्ति र बढुवा गरिनेछ ।

(२) उपनियम (१) बमोजिम सेवा आयोगबाट सिफारिस भएका व्यक्तिलाई नियुक्ति गर्नको लागि कार्यकारी परिषद्ले विश्वविद्यालयका पदाधिकारी वा अख्तियारवाला मध्ये कसैलाई सो कार्य गर्न तोक्न सक्नेछ ।

(३) विश्वविद्यालय सेवामा नियुक्ति वा बढुवा पाएका शिक्षक तथा कर्मचारीलाई नतिजा प्रकाशन भई उजुरीको म्याद सकिएको वा उजुरीको अन्तिम किनारा लागेको मितिले १५ दिनभित्र नियुक्ति वा बढुवापत्र दिइनेछ।

(४) सम्बन्धित शिक्षक कर्मचारीको नाममा नियुक्ति वा बढुवापत्र जारी भएको मितिले १५ दिनभित्र नियुक्ति वा बढुवा पाउने ब्यक्तिले सो नियुक्ति वा बढुवा पत्र बुझ्नि सक्नुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम पत्र बुझ्केको मितिले ३० दिन भित्र तोकिएको स्थान वा कार्यालयमा हाजिर भइसक्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम म्याद भित्र हाजिर नभएमा सो नियुक्ति वा बढुवा स्वतः रद्द हुनेछ।

(७) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयको स्थायी सेवामा भएका शिक्षक वा कर्मचारीहरू अध्ययन विदा, काज वा अन्य विदामा बसेको अवस्थामा यो नियम लागू हुनेछैन ।

८. परीक्षणकालः (१) विश्वविद्यालय सेवाका पदहरूमा स्थायी नियुक्त भएका शिक्षक, कर्मचारी एक वर्षको परीक्षण कालमा रहनेछन् ।

(२) परीक्षण कालको कार्य सम्पादन सन्तोषजनक नभएमा सो नियुक्ति रद्द गरिनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्ति रद्द भएको अवस्थामा बाहेक एक वर्षको परीक्षणकाल पूरा गरेका शिक्षक वा कर्मचारीलाई स्थायी नियुक्तिको आधिकारिकता पत्र दिईनेछ ।

९. अस्थायी नियुक्तिः (१) विश्वविद्यालय सेवाको पद रिक्त भएमा सो पदमा सेवा आयोगले तोकेको आधार र कार्यविधि पूरा गरी सार्वजनिक सूचना प्रकाशित गरी प्रतिस्पर्धाद्वारा तोकिएको अधिकारीबाट एकपटकमा एक वर्ष करारमा नियुक्त गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम रिक्त भएको पदमा सेवा आयोगबाट स्थायी नियुक्ति सिफारिस भई नआएसम्मको लागि तोकिएको पदाधिकारीले अस्थायी वा करारको म्याद थप गर्न सक्नेछ ।

(३) कुनै शिक्षक विदा वा काजमा रहेमा उपयुक्त ब्यक्तिद्वारा आंशिक समयको सेवा लिने गरी तोकिएको पदाधिकारीले आवश्यक ब्यवस्था गर्नेछ ।

(४) सेवा आयोगको सिफारिसमा पूर्ति गरिने पद रिक्त भएमा पद पूर्तिको लागि रिक्त भएको मितिबाट बढीमा एक महिनाभित्र सेवा आयोगलाई सो को जानकारी दिइसक्नु पर्नेछ ।

१०. करार र आगन्तुक शिक्षकः (१) यस नियमावलीमा अन्यत्र जेसुकै कुरा लेखिएको भए तापनि आवश्यकताअनुसार विश्वविद्यालयले विशेष दरबन्दी सृजना गरी विशेष योग्यता भएका ख्याति प्राप्त अनुभवी र दक्ष शिक्षक, कर्मचारीलाई विशेष करार गरी काममा लगाउन सक्नेछ ।

(२) करारमा आउने ब्यक्तिहरूलाई कार्यकारी परिषद्ले प्रचलित स्केलभन्दा बढी तलब तथा अन्य सुविधा दिई काममा लगाउन सक्नेछ ।

(३) विश्वविद्यालय वा सरकारी वा अनुसन्धान केन्द्रहरूमा कार्यरत कुनै खास योग्यताप्राप्त गरेको व्यक्तिलाई विद्यापरिषद्को सिफारिसमा कार्यकारी परिषद्ले आगन्तुक शिक्षकको रूपमा कार्यकारी परिषद्ले तोकेबमोजिमको सुविधा दिई काम गराउन सक्नेछ ।

(४) विद्या परिषद् र प्राज्ञिक परिषद्को सिफारिसमा शिक्षा र अनुसन्धान क्षेत्रमा महत्वपूर्ण योगदान दिएका दक्ष तथा अनुभवी, ख्यातिप्राप्त र विशिष्ट शिक्षकलाई कार्यकारी परिषद्ले अवैतनिक मानार्थ (अनरेरी) प्राध्यापक पद प्रदान गर्न सक्नेछ ।

११. पदावधिको गणनाः यस नियमावलीको नियम ८ अनुसार स्थायी पदमा नियुक्ति पाई परीक्षण कालमा रहेका शिक्षक कर्मचारीको नियुक्ति सदर कायम भएमा सो परीक्षणकालको अवधिलाई प्रत्येक वर्षमा थप गरिने ग्रेड वृद्धि तथा अन्य प्रयोजनको लागि गणना गर्नुपर्नेछ ।

१२. कायम मुकायमः (१) विश्वविद्यालय सेवाको शाखा प्रमुख न्यूनतम तृतीय श्रेणीको अधिकृत हुनेछ।

(२) उक्त पद कुनै कारणबश ३० दिनभन्दा बढी रिक्त भएमा सो रिक्त भएको शाखा प्रमुख पदमा सोभन्दा एक तहमुनिको पदमा कार्यरत कर्मचारी मध्येबाट कार्यकारी परिषद्ले रिक्त रहेको पदको काम सम्हाल्न कायम मुकायम मुकरर गर्न सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम कायम मुकायम भई काम गरेको पदको सुरू तलबको अंकमा तलब दिंदा निजले साविक पदबाट खाईपाई आएको तलबभन्दा घटी हुने देखिएमा खाईपाई आएको तलबमा नघट्ने गरी थप ग्रेड दिन सकिनेछ ।

(४) कायम मुकायम भई काम गरेकोमा सो कामको जवाफदेहिता कायम मुकायम भई काम गर्ने शिक्षक कर्मचारीले वहन गर्नुपर्नेछ ।

(५) पूरा वर्ष कायम मुकायम भई काम गर्ने शिक्षक/कर्मचारीले अन्य कर्मचारीले पाए सरह ग्रेड वृद्धि पाउनेछन् ।

१३. निमित्तः (१) विश्वविद्यालयको कुनै निकाय वा कार्यालयको प्रशासकीय अधिकार प्रयोग गर्ने मुख्य व्यक्ति वा विभागीय प्रमुख कुनै कारणले ३० दिनभन्दा कम अवधिका निमित्त अनुपस्थित भएमा निजको मातहतको तोकिएको पदाधिकारी, शिक्षक वा कर्मचारीले निमित्त भई दैनिक कार्य सञ्चालन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निमित्त भई काम गर्दा सो कामको जवाफदेहिता काम गर्ने शिक्षक, कर्मचारी वा पदाधिकारी उपर नै हुनेछ ।

(३) उपनियम (१) बमोजिम निमित्त भई काम गरेकोमा ७ दिनभन्दा कम अवधिका लागि कुनै प्रकारको भत्ता दिइनेछैन । तर ७ दिनभन्दा बढी काम गरेकोमा काम गरेको पदको शुरू तलब स्केल बमोजिम तलब भत्ता दिइनेछ ।

१४. पदाधिकारः विश्वविद्यालयका शिक्षक वा कर्मचारीको राजीनामा स्वीकृत भएमा, वा निज बर्खास्त भएमा वा निजले अवकाश पाएमा, वा बढुवा भएमा वा निज एक पदबाट अर्को पदमा सरूवा भएको अवस्थामा वाहेक देहायको अवस्थामा शिक्षक तथा कर्मचारीको आफ्नो पदमाथिको पदाधिकार कायम रहेको मानिनेछ :

(क) अर्को पदमा सरूवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,

(ख) पदमा कामकाज गरी रहँदासम्म,

(ग) निलम्बन रहेकोमा,

(घ) विदामा बसेकोमा,

(ङ) काजमा खटाइएकोमा,

(च) कायम मुकायम भई काम गरेकोमा ।

## परिच्छेद - ३

### सेवा सुरक्षा

१५. सेवा सुरक्षाः विश्वविद्यालयका शिक्षक, कर्मचारीलाई देहायको अवस्थामा बाहेक सफाईको उचित सबुत दिने मौका नदिई विश्वविद्यालय सेवाबाट हटाईने वा बर्खास्त गरिने छैन ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ख) भागी वेपत्ता भएमा वा अन्य कुनै कारणले सम्पर्क हुन नसकेमा ।

(ग) म्यादी पदमा बहाल रहेकोमा ।

(घ) भ्रष्टाचारको आरोपमा अदालतबाट कसूरदार ठहरिएमा ।

१६. सेवा-शर्तको सुरक्षाः (१) शिक्षक वा कर्मचारीलाई नियुक्त हुँदा कायम रहेको तलब, उपदान, निवृत्तिभरण सम्बन्धी शर्तहरूमा निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गर्न पाईने छैन ।

(२) शिक्षक वा कर्मचारी माथिल्लो पदमा बढुवा भएमा बढुवा भएको पदको शुरू स्केल साविक पदमा रही खाईपाई आएको तलब बराबर वा बढी भएमा मात्र बढुवा भएको माथिल्लो पदमा आवश्यक ग्रेड थप गरी तलब मिलान गरिनेछ ।

(३) यस विश्वविद्यालय ऐन बमोजिम त्रि. वि. अन्तर्गतका आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसका शिक्षक र कर्मचारी यस विश्वविद्यालयमा तोकिएबमोजिम समायोजन भई आउंदा निजहरूको स्थायी, अस्थायी र पूर्णकालीन करारमा काम गरेको अवधिलाई समेत गणना गरिनेछ ।

(४) यस विश्वविद्यालयमा ऐनको दफा ३ (२) बमोजिम समावेश गरिएका त्रि. वि. अन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसका शिक्षक, कर्मचारी समायोजन भई यस विश्वविद्यालयमा आउँदा साविक कै जे जुन पदमा बहाल रहेका हुन सोही पदमा समायोजन हुनेछन ।

(५) उपनियम (४) बमोजिम समायोजन भई आएका शिक्षक, कर्मचारीहरूको तलब, भत्ता, सेवाका शर्तहरू र सुविधाहरू कम हुनेगरि परिवर्तन गरिने छैन ।

## परिच्छेद - ४

### सरुवा

१७. सरुवाः (१) शिक्षक वा कर्मचारीलाई आवश्यकता बमोजिम विश्वविद्यालयको एक निकायबाट अर्को निकायमा वा समान तहको अर्को पदमा सरुवा गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम सरुवा गर्दा सम्भव भएसम्म सरुवा हुने व्यक्तिसँग परामर्श गर्न सकिनेछ ।

(३) शिक्षक वा कर्मचारी एक निकायबाट अर्को निकायमा सरुवा हुँदा ३ दिनको तयारी म्याद दिनुपर्नेछ

१८. सरुवा गर्ने अधिकारीः (१) विश्वविद्यालय ऐनमा लेखिएकोमा सोही बमोजिम र सो बाहेक देहायका शिक्षक तथा कर्मचारीलाई देहायका अधिकारीले सरुवा गर्नु पर्नेछ ।

(क) यस नियमावलीको नियम १७ बमोजिम सरुवा गर्दा कार्यकारी परिषद्को निर्णयबाट रजिष्ट्रारले सरुवा गर्न सक्नेछ ।

(ख) कर्मचारी वा शिक्षकलाई एउटै संकाय अन्तर्गत सरुवा गर्दा सम्बन्धित डीनले सरुवा गर्नेछ ।

(ग) कर्मचारीलाई कुनै संकाय, आंगिक क्याम्पस, केन्द्र वा विभाग वा विश्वविद्यालयको कुनै निकायमध्ये एकअर्कामा सरुवा गर्दा सम्बन्धित निकायको प्रमुखको सहमतिमा रजिष्ट्रारले सरुवा गर्नेछ ।

१९. काजः (१) विश्वविद्यालयका शिक्षक वा कर्मचारीलाई विश्वविद्यालयको एक निकायबाट अर्को निकायमा र विश्वविद्यालय बाहिरको कुनै सरकारी वा गैरसरकारी निकाय वा कार्यालयमा तोकिएबमोजिम काजमा पठाउन सकिनेछ ।

(२) विश्वविद्यालयका शिक्षक वा कर्मचारीलाई विश्वविद्यालय बाहेकको कुनै सरकारी वा गैरसरकारी निकाय वा कार्यालयमा ३ (तीन) महिना वा सो भन्दा बढी काजमा पठाउनुपर्ने भएमा सो काज बेतलबी काज मानिनेछ ।

(३) विश्वविद्यालय सेवा अवधिभरमा बेतलबी काजमा पठाउने अवधिको सीमा कार्यकारी परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) उपनियम (२) र (३) बमोजिम बेतलबी काजमा पठाउनु परेमा नेपाल सरकारबाट नियुक्ति हुने पदमा बाहेक अन्य काजमा गएका शिक्षक वा कर्मचारीलाई काजमा लिने कार्यालयमा निर्धारित तलबको १० (दश) प्रतिशतमा नघट्ने गरी कार्यकारी परिषद्ले तोकेबमोजिम विश्वविद्यालय उपदान र निवृत्तिभरण सम्बन्धी कोषमा जम्मा गराउनु पर्नेछ ।

(५) बेतलबी काजमा लिने विश्वविद्यालय बाहेकको निकाय वा कार्यालयलाई बेतलबी काजमा रहेको अवधिको निज वा कर्मचारीप्रति विश्वविद्यालयको नियमअनुसार व्यहोर्नु पर्ने उपदान वा निवृत्तिभरण, विरामी विदा, घर विदा र अन्य वित्तीय सुविधा वा सहुलियतको रकमको प्रयोजनका लागि काजमा लिने निकाय वा कार्यालयबाट जम्मा हुने रकम प्रयोग गर्नुपर्नेछ।

(६) विश्वविद्यालयबाट तलबी वा बेतलबी काजमा रहेको शिक्षक वा कर्मचारीले विश्वविद्यालय बाहेकको सरकारी वा गैरसरकारी निकाय वा कार्यालयबाट उपदान वा विरामी विदा वा स्वास्थ्योपचार वा यस नियमअन्तर्गत कुनै दातृसंस्थाबाट सुविधा उपभोग गरेको भएमा सो बाफतको रकम विश्वविद्यालयले निज शिक्षक वा कर्मचारी अवकाश हुँदाका बखत प्राप्त गर्ने रकमबाट कट्टी वा असुल गर्नु पर्नेछ ।

२०. काज खटाउने अधिकारः विश्वविद्यालय बाहेकको सरकारी वा गैरसरकारी निकायमा विश्वविद्यालयका शिक्षक वा कर्मचारीलाई देहायको अख्तियारवालाले काज खटाउन सक्नेछ ।

(क) प्राध्यापक, सह-प्राध्यापक वा सह-प्रशासक श्रेणीका शिक्षक वा कर्मचारीलाई कार्यकारी परिषद्को निर्णयबाट कार्यकारी परिषद्ले ।

(ख) उपनियम (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि ३ (तीन) महिना भन्दा कम अवधिको लागि उपकुलपतिले काज खटाउन सक्नेछ ।

(ग) उपनियम (क) मा लेखिएका शिक्षकलाई सम्बन्धित निकायको प्रमुखको सिफारिसमा रजिष्ट्रारले,

(घ) उपनियम (क) मा लेखिए बाहेकका कर्मचारीलाई सम्बन्धित निकायको प्रमुखको सिफारिसमा रजिष्ट्रारले,

(ङ) सेवाको अभिलेखको प्रयोजनको निमित्त केन्द्रीय कार्यालयमा बेतलबी काजमा खटाइएको विवरण सहितको जानकारी सम्बन्धित कार्यालयले अनिवार्य रूपमा दिनुपर्नेछ ।

## परिच्छेद - ५

### हाजिरी र विदा

२१. हाजिरीः यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा वाहेक विश्वविद्यालयका शिक्षक तथा कर्मचारीले तोकिएको समयमा विश्वविद्यालयको सम्बन्धित निकाय वा कार्यालयमा तोकिए बमोजिम रूजु हाजिर रहनु पर्नेछ ।

२२. हाजिरीको अभिलेखः विश्वविद्यालयको सेवामा कार्यरत शिक्षक, कर्मचारीको हाजिरीको अभिलेख कार्यकारी परिषद्ले तोकेबमोजिम राखिनेछ ।

२३. विदाको किसिमः

विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूलाई देहायका विदाको सुविधा दिन सकिनेछः

(क) घर विदा

(ख) विरामी विदा

(ग) प्रसूति विदा र प्रसूति सेवा विदा

(घ) पर्व विदा

(ङ) भैपरी आउने विदा

(च) क्रिया विदा

(छ) अध्ययन विदा

(ज) स्वाध्ययन विदा

(झ) असाधारण विदा

(ञ) विशेष तलबी विदा

२४. घर विदाः (१) वर्षे वा हिउँदे विदा नपाउने शिक्षक वा कर्मचारीलाई वर्षको ३० (तीस) दिन घर विदा दिन सकिनेछ ।

(२) विश्वविद्यालयको शिक्षक, कर्मचारीले घर विदामा बस्नुभन्दा अगाडि अनिवार्य रूपमा विदा स्वीकृत गराई मात्र विदामा वस्न सक्नेछन् ।

(३) शिक्षक र कर्मचारीले वर्षको एक पटक घर विदामा जाँदा र फर्कदा उचित बाटोको म्याद पाउनेछन् ।

(४) चाडपर्व, विरामी, भैपरी विदा र क्रिया विदा बाहेक अन्य विदा बसेको समयको घर विदा दिइने छैन ।

(५) घर विदा बढीमा २१० (दुईसय दश) दिनसम्म सञ्चित गर्न पाइनेछ ।

(६) शिक्षक वा कर्मचारी सेवाबाट अलग भएमा निजको सञ्चित रहेको घर विदा वाफत निजको पदाधिकार रहेको पदबाट खाइपाई आएको तलबको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछन् ।

(७) सेवा कायम रहदै कुनै शिक्षक, कर्मचारीको मृत्यु भएमा निजको सञ्चित रहेको घर विदाको रकम मृत्यु हुँदाको अवस्थाको तलबको दरले हुने रकम निजको नजिकको हकवालाले पाउँनेछ ।

(८) हिउँदे वा वर्षे विदाको समय कार्यकारी परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) हिउँदे वा वर्षे विदा पाउने शिक्षकलाई विदाको समयमा आवश्यकता अनुसार काम गराउनु पर्ने भएमा एक दिन काम गराएवाफत एक दिनका दरले घर विदा दिइनेछ ।

(१०) उपनियम (९) बमोजिम आर्जन गरेको घर विदा यसै नियम बमोजिम सट्टा विदाको रूपमा उपभोग गर्न पाईनेछ ।

२५. विरामी विदाः (१) शिक्षक वा कर्मचारीलाई १ वर्षको सेवाका लागि १५ दिनको पूरा तलबी वा ३० दिनको आधा तलबी बिरामी विदा दिन सकिनेछ ।

(२) शिक्षक वा कर्मचारीले ७ दिनभन्दा बढी समयको विरामी विदा बस्नु परेमा सो विदामा वस्ने शिक्षक वा कर्मचारीको विदा स्वीकृत गर्ने अख्तियारवालालाई आवश्यक लागेमा विश्वविद्यालयबाट मान्यताप्राप्त चिकित्सकबाट विरामी भएको प्रमाणपत्र पेश गराउन सक्नेछ ।

(३) शिक्षक वा कर्मचारीले यस नियम बमोजिम पाउने विरामी विदा सञ्चित गरी राख्न सक्नेछ

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि असाधारण विदामा बसेको अवधिको विरामी विदा दिइने छैन ।

(५) विश्वविद्यालय बाहेकको निकाय वा कार्यालयमा काज खटिएका शिक्षक, कर्मचारीलाई काजमा बसेको अवधिको विरामी विदा दिइने छैन ।

(६) उपनियम (३) बमोजिम सञ्चित विरामी विदा वाफत कुनै शिक्षक वा कर्मचारी सेवावाट अलग भएमा निजको पदाधिकार रहेको पदवाट खाईपाइ आएको तलबको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ।

(७) सेवा अवधिभित्र शिक्षक वा कर्मचारीको मृत्यु भएमा निजको सञ्चित विरामी विदाको रकम मृत्यु हुँदाको अवस्थाको तलबको दरले हुन आउने रकम निजको प्रचलित कानून बमोजिमको हकवालालाई प्रदान गरिनेछ ।

(८) ठूलो वा कडा रोग लागी उपचार गर्न शिक्षक वा कर्मचारीले सञ्चित गरेको विरामी विदा तथा घर विदाबाट नपुग भएमा निजले पछि काम गरी पाउने १ वर्षको घर विदा र बिरामी विदाबाट कट्टा हुने गरी ६० दिनसम्मको पेश्की स्वरूप थप विरामी विदा लिन सक्नेछ ।

(९) उपनियम (८) बमोजिम लिएको विदा समेतबाट नपुग भई थप विदा लिनु परेमा कार्यकारी परिषद्ले तोकेका चिकित्सकहरूको समितिको सिफारिसमा शिक्षक वा कर्मचारीले पाउने असाधारण विदाबाट कट्टा हुने गरी कार्यकारी परिषद्को निर्णयबाट सेवा अवधिभरमा बढीमा एक वर्षसम्मको विरामी विदा दिन सकिनेछ ।

(१०) पदाधिकारी सम्बन्धी नियममा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयको कुनै पनि शिक्षक वा कर्मचारी पदाधिकारीको पदमा नियुक्त भएमा सो पदमा काम गरेको अवधिको वार्षिक १५ दिनको दरले निजलाई विरामी विदा दिन सकिनेछ ।

[*]२६. प्रसूती र प्रसूती सेवा विदाः (१) विश्वविद्यालयको स्थायी वा दुई वर्ष वा सो भन्दा वढी अस्थायी सेवामा कार्यरत कुनै महिला शिक्षक वा कर्मचारीलाई सुत्केरीका लागि सुत्केरी हुनुभन्दा अघि वा पछि कम्तिमा ९८ (अन्ठानब्बे) दिनसम्मको विश्वविद्यालय सेवा अवधिमा बढीमा २ (दुई) पटकसम्म प्रसूति बिदा दिइनेछ।

(२) अस्थायी वा करारमा २ वर्ष भन्दा कम सेवा अवधि भएका महिला शिक्षक, कर्मचारीहरूलाई उपनियम (१) मा उल्लेख गरिएबमोजिम आधा तलबी प्रसूती विदा दिईनेछ ।

(३) पुरूष शिक्षक वा कर्मचारीको पत्नी प्रसूती हुँदा निजलाई १५ दिनको प्रसूती सेवा विदा दिइनेछ ।

[†](४) प्रसूति स्याहार बिदा लिएको शिक्षक वा कर्मचारीले बिदा लिएको मितिले तीन महिनाभित्रमा बच्चाको जन्म दर्ता प्रमाणपत्र कार्यरत निकायमा पेस गर्नुपर्नेछ ।

[‡](५) उपनियम (४) बमोजिमको अवधिभित्र त्यस्तो प्रमाणपत्र पेस नगर्ने शिक्षक वा कर्मचारीको त्यस्तो बिदाको अवधि निजले पाउने अन्य बिदाबाट कट्टा गरिनेछ ।

[§](६) प्रसूति स्याहार बिदाको अभिलेख सम्बन्धित कार्यालयले अद्यावधिक गरी राख्नु पर्नेछ।

---

[*] शिक्षक कर्मचारी सेवा नियमावली, छैठौं संशोधन २०७७ द्वारा संशोधित
[†] शिक्षक कर्मचारी सेवा नियमावली, छैठौं संशोधन २०७७ द्वारा थप
[‡] शिक्षक कर्मचारी सेवा नियमावली, छैठौं संशोधन २०७७ द्वारा थप
[§] शिक्षक कर्मचारी सेवा नियमावली, छैठौं संशोधन २०७७ द्वारा थप

**(७) **अतिरिक्त विदा** ः विश्वविद्यालयको स्थायी सेवामा कार्यरत महिलालाई विशेषज्ञ चिकित्सकको राय बमोजिम प्रजनन स्वास्थ्य रूग्णता (मर्बिडिटि) को कारणले जटिल शल्यक्रिया गर्नुपर्ने भएमा त्यस्तो शल्यक्रिया हुनु अघि वा पछि कम्तिमा तीस दिनसम्मको तलब सहितको अतिरिक्त बिदा दिइनेछ ।

२७. पर्व विदाः (१) विश्वविद्यालयको शिक्षक तथा कर्मचारीलाई वर्षभरिमा बढीमा ६ (छ) दिनसम्मको पर्व विदा दिइनेछ ।

(२) पर्व विदा सञ्चित गर्न पाइने छैन ।

२८. भैपरी आउने विदाः विश्वविद्यालयका शिक्षक वा कर्मचारीले एक वर्षमा बढीमा नौ दिनसम्मको भैपरी आउने विदा पाउनेछन् ।

(२) दैवी वा आकस्मिक परेकोमा बाहेक भैपरी आउने विदा पूर्वस्वीकृति बेगर बस्न पाइने छैन र यो विदा सञ्चित गर्न पाइने छैन ।

२९. क्रिया विदाः (१) विश्वविद्यालयका शिक्षक वा कर्मचारीको बाबु, आमा, लोग्ने वा स्वास्नी, छोरा वा छोरी, सासु, ससुरा वा बाजे, बजैको मृत्युको अवस्थामा वा आफै क्रिया बस्नु परेमा उक्त शिक्षक वा कर्मचारीलाई निजहरूको संस्कार बमोजिम काजक्रिया गर्न १५ दिनसम्मको पूरा तलबी क्रिया विदा दिइनेछ ।

३०. अध्ययन विदाः (१) विश्वविद्यालयमा स्थायी सेवामा रहेका कुनै पनि शिक्षक वा कर्मचारीलाई अध्ययन विदा दिन सकिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ५० वर्षको उमेर नाघेका शिक्षक वा कर्मचारीलाई एक वर्षभन्दा बढी अवधिको अध्ययन विदा दिइने छैन ।

(३) स्वैच्छिक कार्यक्रम अन्तर्गत अध्ययन गर्नको लागि ६ महिना अगावै विदा स्वीकृत गरी पाउन सम्बन्धित निकायमा निवेदन दिनु पर्ने छ र सो अध्ययन अनुसन्धान सम्बधित निकायलाई उपयोगी हुने भएमा अध्ययन विदा दिन सकिनेछ ।

(४) विश्वविद्यालयमा प्राप्त भएको छात्रवृत्तिमा मनोनीत शिक्षक वा कर्मचारीलाई शैक्षिक उपाधि पाउने गरी १ शैक्षिक वर्ष वा सो भन्दा बढी अवधि सम्मका लागि पठाउने भएमा अध्ययन विदा दिइनेछ ।

(५) शैक्षिक उपाधि नपाउने भएमा वा १ वर्षभन्दा कम अवधिको अध्ययन भएमा वा तालिम मात्र भएमा अध्ययन काजमा पठाइनेछ ।

(६) अध्ययन काजका लागि दैनिक भत्ता तथा अन्य सुविधा कार्यकारी परिषद्ले तोकिएबमोजिम हुनेछ ।

---

** शिक्षक कर्मचारी सेवा नियमावली, छैठौं संशोधन २०७७ द्वारा थप

(७) अध्ययन विदा शिक्षक तथा कर्मचारीको सेवा अवधि भरमा दुई पटक गरी जम्मा पाँच वर्ष सम्म दिन सकिनेछ ।

♠(८) एक वर्ष देखि दुई वर्षसम्म अध्ययन विदा पाएका शिक्षक वा कर्मचारीले कम्तीमा तीन वर्ष र सो भन्दा बढी अध्ययन विदा पाएका शिक्षक वा कर्मचारीले कम्तीमा पाँच वर्ष विश्वविद्यालय सेवामा रही काम गर्नु पर्नेछ ।

(९) उपनियम (८) बमोजिम काम गर्न गराउन निजहरूलाई तोकिए बमोजिमको कबुलियत गराउनु पर्नेछ

(१०) अध्ययन विदा पाउने शिक्षक वा कर्मचारीले अध्ययनमा सन्तोषजनक प्रगति गरेको छैन भन्ने विश्वविद्यालयलाई जानकारी प्राप्त भएमा उक्त शिक्षक वा कर्मचारीलाई निजको विदा रद्द गरी फिर्ता बोलाउनु पर्नेछ ।

(११) उपनियम (४) र (५) बमोजिम अध्ययन विदामा जाने बाहेक अन्य कार्यक्रममा अध्ययन विदा लिई जान चाहने शिक्षक वा कर्मचारीले आफ्नो अध्ययन र कार्यक्रमको विवरण खुलाई छ महिना अगावै तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(१२) अध्ययन विदामा बस्ने शिक्षक वा कर्मचारीलाई अध्ययन विदाको समयमा सेवा अवधिमा संचित हुने विरामी विदा दिन सकिनेछ ।

(१३) एक आर्थिक वर्षमा अध्ययन विदा दिन सकिने शिक्षक तथा कर्मचारीको अधिकतम संख्याको सीमा कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ ।

३१. स्वअध्ययन विदाः (१) विश्वविद्यालयको स्थायी सेवामा लगातार ५ वर्ष काम गरेका शिक्षकलाई विश्वविद्यालयको काममा बाधा नपर्ने अवस्था भएमा शैक्षिक वा प्राज्ञिक अनुसन्धान गर्न १ वर्षको स्वअध्ययन विदा दिनसकिनेछ।

(२) स्वअध्ययन विदा स्वीकृत गराउनु भन्दा अगाडी सम्बन्धित शिक्षकले अध्ययन अनुसन्धानको कार्यको विवरण आफू कार्यरत रहेको निकायको प्रमुख मार्फत रजिष्ट्रार समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

(३) विदामा बस्दा तलब वा अन्य सुविधा वा पारिश्रमिक लिई वा नलिई काम गर्न पाईनेछैन।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा प्राप्त हुने प्राज्ञिक किसिमको अध्ययन वा अनुसन्धान सम्बन्धी फेलोसिपका लागि

---

♠ शिक्षक, कर्मचारी सेवा नियमावली तेस्रो संशोधन २०७३ द्वारा संशोधित

मनोनयन भई स्वाध्ययन विदा उपभोग गर्ने शिक्षकलाई तोकिएको पारिश्रमिक लिनबाट बञ्चित गरिने छैन ।

(५) कार्यकारी परिषद्‌बाट अन्यथा निर्णय भएमा बाहेक नेपाल सरकार वा सार्वजनिक संस्थान वा सार्वजनिक महत्वको समिति वा काममा स्वाध्ययन विदामा बसेको शिक्षक सम्मिलित हुन पाउनेछ ।

(६) उपनियम (१) बमोजिम स्वअध्ययन विदामा बस्ने शिक्षकले खाईपाई आएको ♣पूरा तलब पाउनेछ ।

(७) स्वाध्ययन विदा सञ्चित हुने छैन ।

(८) स्वाध्ययन विदा सम्बन्धित संकाय वा विश्वविद्यालयको निकायको प्रमुखको सिफारिसमा रजिष्ट्रारले स्वीकृत गर्नेछ ।

(९) उपनियम (१) को प्रयोजनका लागि स्वीकृत स्वअध्ययन विदा समाप्त हुनुभन्दा कम्तीमा ३० (तीस) दिनअगावै स्वाध्ययन विदा बसेका शिक्षकले उपनियम (१) बमोजिमको कार्यसम्पादन प्रस्तुत भइसकेको प्रमाणको आधारमा मात्र निज शिक्षकलाई आफ्नो सम्बन्धित निकायमा हाजिर गराइनेछ ।

(१०) उपनियम (८) बमोजिम प्रस्तुत भएको प्रतिवेदनको अध्ययन रजिष्ट्रार, डीन वा सम्बन्धित निकायले तोकेको कार्यविधि अनुसार मूल्या°न गर्ने गराईने छ ।

(११) स्वअध्ययन विदाको प्रतिकूल कार्य गरी उपनियम (८) बमोजिम प्रतिवेदन प्रस्तुत नगर्ने शिक्षकलाई अख्तियारवालाले विभागीय कारबाही गर्न सक्नेछ ।

३२. असाधारण विदाः (१) स्थायी शिक्षक वा कर्मचारीले असाधारण विदा लिनु पर्ने कारण सहित निवेदन दिनु पर्नेछ र सो कारण मनासिव देखिएमा विश्वविद्यालयले एक पटकमा एक वर्षमा नबढाई र सेवा अवधिभरमा तीन वर्षमा नबढाई असाधारण विदा दिन सकिनेछ ।

(२) पाँच वर्ष यस विश्वविद्यालयमा सेवा अवधि नपुगेका शिक्षक वा कर्मचारीले असाधारण विदा पाउने छैन।

(३) शिक्षक वा कर्मचारीले लिएको असाधारण विदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

(४) असाधारण विदामा बस्ने शिक्षक तथा कर्मचारीले उक्त अवधिभर तलब पाउने छैनन् ।

३३. विशेष तलबी विदाः (१) पाँच वर्ष स्थायी सेवा गरेका कर्मचारीलाई १ (एक) महिनाको पूरा तलबी विदा दिन सकिनेछ ।

---

♣ शिक्षक, कर्मचारी सेवा नियमावली दोस्रो संशोधन २०७१ द्वारा संशोधित

(२) उपनियम (१) बमोजिमको विदा जतिसुकै समयसम्म पनि जम्मा हुन सक्नेछ ।

(३) उक्त विदा एक पटकमा ३० (तीस) दिन र सेवा अवधिभर एक वर्षमा बढी दिइने छैन ।

(४) विशेष तलबी विदा नियम ३१ बमोजिमको स्वाध्ययन विदा नपाउने कर्मचारीले मात्र पाउनेछ।

(५) विशेष तलबी विदामा बस्ने कर्मचारीले विदा बसेको अवधिमा आर्थिक लाभ हुने कुनै काम गर्न पाउने छैन ।

(६) विश्वविद्यालयको सेवा सम्बन्धी दक्षता हासिल गर्ने कार्यक्रममा संलग्न हुनकालागि मात्र यो विदा दिइनेछ।

(७) विशेष तलबी विदा उपभोग गर्न नपाएको कर्मचारी विश्वविद्यालय सेवाबाट निवृत्तिभरण पाउने गरी निवृत्त हुँदा निजले सो विदा उपभोग नगरेबाफत निजको सेवाको अनुपातिक हिसाबमा बढीमा ४ (चार) महिनाको खाइपाई आएको तलब वरावरको रकम प्रदान गर्न सकिनेछ ।

३४. विदा संचितः शिक्षक वा कर्मचारी विश्वविद्यालय सेवा भित्रको एक पदबाट अर्को पदमा सरुवा वा नियुक्त भएमा निजको सरुवा वा नियुक्त हुँदाको बखत सञ्चित रहेका सबै किसिमका विदा नयाँ पदमा बहाल गरी सञ्चय गरेको विदा सरह मानिनेछ ।

३५. विदा उपभोगः (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी परिषद्ले अत्यावश्यक सेवाको रूपमा वर्गीकरण गरी तोकिएका सेवासँग सम्बन्धित कर्मचारीहरूले कुनै पनि सार्वजनिक विदा उपभोग गर्न पाउने छैनन् ।

(२) उपनियम (१) बमोजिम विदा उपभोग गर्न नपाउने कर्मचारीहरूले १ वर्षमा ७० दिनको सट्टा विदा पाउनेछन् ।

(३) प्रत्येक आर्थिक वर्षको अन्तमा उपभोग नगरी बाँकी रहेको सट्टा विदाको रकम खाइपाई आएको तलबको अनुपातमा निजहरूलाई दिइनेछ ।

३६. विदा अधिकार नहुनेः विदा अधिकारको रूपमा मानिने छैन । विश्वविद्यालयको काममा बाधा नपर्ने गरी दिइने सुविधा मात्र मानिनेछ । विरामी विदा, क्रिया विदा र सुत्केरी नै हुँदाको प्रसूति विदा बाहेक कुनै पनि विदा पूर्वस्वीकृति बेगर उपभोग गर्न सकिने छैन ।

३७. विदा स्वीकृत गर्ने अधिकारीः (१) विदा स्वीकृत गर्ने तोकिएको अख्तियारवाला हुनेछ ।

(२) विश्वविद्यालयको अत्यावश्यकता अनुसार असाधारण विदा वा स्वअध्ययन विदा वा अध्ययन विदामा रहेका शिक्षक वा कर्मचारीलाई फिर्ता बोलाई सेवामा लगाउन सकिनेछ ।

## परिच्छेद - ६

### तलब, भत्ता, औषधि उपचार, चाडपर्व खर्च र सुविधाहरू

३८. तलब भत्ताः (१) विश्वविद्यालय सेवामा बहाल रहेका शिक्षक तथा कर्मचारीले आफ्नो पदमा वहाली गरेको दिनदेखि बहाली गरेको पदको तलब, भत्ता, र अन्य सुविधा पाउनेछन् ।

(२) विश्वविद्यालय सेवामा नियुक्त भएका शिक्षक तथा कर्मचारीले विश्वविद्यालय सेवामा रही काम गरेवाफत पाउने तलब, भत्ता, र अन्य सुविधा कार्यकारी परिषद्ले समय समयमा निर्धारण गरेबमोजिम हुनेछ ।

(३) यस नियम बमोजिम सजाय पाएको ब्यवस्थामा वाहेक प्रत्येक शिक्षक तथा कर्मचारीलाई एक वर्षको सेवा पूरा गरेपछि प्रति वर्ष एक ग्रेड तलब वृद्धि दिइनेछ ।

(४) रोक्का भएको तलबवृद्धि फुक्का भएमा सो तलबवृद्धिको मिति सम्बन्धित अधिकारीले लिखित रूपमा अभिलेखमा जनाइराख्नु पर्नेछ ।

३९. तलब भुक्तानीः (१) विश्वविद्यालय सेवामा कार्यरत रहेका शिक्षक तथा कर्मचारीलाई प्रत्येक महिना समाप्त भएपछि तलब भत्ताको भुक्तानी दिईनेछ ।

(२) शिक्षक वा कर्मचारीले पकाएको तलब भत्ता निज सेवामा नरहेपनि निजले उक्त तलब भत्ता पाउने छ ।

(३) प्रचलित कानून र यस नियममा ब्यवस्था भएकोमा वाहेक शिक्षक तथा कर्मचारीको तलब कट्टा गरिने छैन । यस नियम बमोजिम तलब नपाउने भनी तोकिएको अवस्थामा बाहेक शिक्षक तथा कर्मचारीले पाउने तलब भत्ता काम गरिरहेको वा विदामा बसेको अवस्थामा पनि पाउने छ ।

(४) कार्यकारी परिषद्ले तोकेबमोजिम पदमा कार्यरत कर्मचारीहरूलाई तोकेबमोजिमको लुगा, गरम सुट, बुट, वर्सादी, ओभरकोट र जुत्ता दिन सकिने छ ।

४०. दैनिक तथा भ्रमण भत्ताः शिक्षक तथा कर्मचारीले विश्वविद्यालयको कामको सिलसिलामा पाउने दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा कार्यकारी परिषद्ले तोकिएबमोजिम हुनेछ ।

४१. पारिवारिक दैनिक तथा भ्रमण भत्ताः शिक्षक तथा कर्मचारीहरू सरूवा हुँदा पाउने पारिवारिक दैनिक तथा भ्रमण भत्ता कार्यकारी परिषद्बाट तोकिएबमोजिम हुनेछ ।

४२. निलम्बनको अवधिको तलबः (१) यस नियम बमोजिम कुनै शिक्षक वा कर्मचारी निलम्बन परेमा निजले आफ्नो खाईपाई आएको तलबको आधा तलब पाउनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निज उपर लगाईएको अभियोग प्रमाणित नभई सफाई पाएमा निलम्बनमा रहेको अवधिमा आधा तलब लिइसकेको भए सो कट्टा गरी र नलिएको भए पुरै तलब (तलब वृद्धि हुने भएमा सो समेत) पाउनेछ ।

(३) निलम्वित भएको शिक्षक, कर्मचारी कसूरदार ठहरी सेवाबाट हटाईएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब पाउने छैन ।

(४) विश्वविद्यालय सेवामा कार्यरत शिक्षक वा कर्मचारी नैतिक पतन देखिने फौजदारी अभियोगमा वा प्रचलित कानून बमोजिम थुनामा रहेमा सो थुना अवधिभर स्वतः निलम्बन भएको मानिनेछ ।

(५) स्वतः निलम्बन रहेको शिक्षक, कर्मचारीले निलम्बन अवधिभरको तलब भत्ता पाउने छैन । तर अभियोगवाट सफाई पाएमा निजले सम्पूर्ण तलब भत्ता पाउनेछ ।

४३. चाडपर्व खर्चः विश्वविद्यालय सेवामा कार्यरत रहेका शिक्षक तथा कर्मचारीहरूलाई निजले खाइपाई आएको एक महिनाको तलब वरावरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा दिइनेछ ।

(२) चाडपर्व विदाभन्दा अघि कम्तीमा ६ महिनाको सेवा अवधि पूरा नभएका अस्थायी शिक्षक वा कर्मचारीलाई पेस्कीको रूपमा चाडपर्व खर्च दिइनेछ ।

(३) उपनियम (२) बमोजिम चाडपर्व खर्च लिई विश्वविद्यालयमा ६ महिनाभन्दा कम अवधि सेवा गरी छाडेमा सो रकम सम्बन्धित शिक्षक वा कर्मचारीबाट असुलउपर गरिनेछ ।

४४. औषधि उपचार खर्चः [††](१) विश्वविद्यालय सेवामा सेवारत स्थायी शिक्षक तथा कर्मचारीले आफ्नो सेवा अवधिमा असिस्टेन्ट प्रोफेसर एवं अधिकृत र सो भन्दा माथिका शिक्षक तथा कर्मचारीले पन्ध्र महिना बराबरको रकम औषधी उपचार खर्चवाफत पाउने छन् ।

(२) सहायक स्तरका कर्मचारीले निजहरूले खाईपाई आएको १८ महिनाको तलब बराबरको औषधी उपचार खर्च पाउनेछन् ।

(३) सपोर्ट स्टाफ स्तरका कर्मचारीले निजहरूले खाईपाई आएको २१ महिनाको तलब बराबरको औषधी उपचार खर्च पाउनेछन् ।

(४) विश्वविद्यालय सेवामा कार्यरत शिक्षक वा कर्मचारी वा निजको परिवारको सदस्य विरामी भएमा उपनियम (१), (२) र (३) बमोजिम पाउने रकममा कट्टा हुनेगरी देहायबमोजिम भएको उपचार खर्च दिइनेछ ।

(क) रोगको उपचारका निमित्त स्वीकृत चिकित्सकले जांच गर्दा लागेको शुल्क तथा जाँच गरी लेखिएको प्रेस्क्रिप्सन अनुसार औषधी किनेको खर्च ।

(ख) नर्सिङ्ग होम वा अस्पतालमा भर्ना हुँदा लागेको बिल बमोजिम खर्च ।

(५) भविष्यमा विश्वविद्यालय सेवाबाट अयोग्य ठहर्ने गरी सेवाबाट बर्खास्त गरिएका बाहेक अन्य जुनसुकै ब्यहोराबाट कुनै शिक्षक तथा कर्मचारी सेवाबाट अलग हुँदा यस

[††] शिक्षक कर्मचारी सेवा नियमावली, छैठौं संशोधन २०७७ द्वारा संशोधित

नियमबमोजिम पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च लिन बांकी रहेको भए सो बाँकी रकम एकमुष्ट लिन पाउनेछ । यसरी बाँकी रहेको रकम एक मुष्ट लिंदा २० वर्ष सम्म सेवा गरेकालाई १० प्रतिशत थप २० बर्ष भन्दा बढी २५ वर्ष सेवा गरेकालागि १५ प्रतिशत र २५ बर्ष भन्दा बढी सेवा गरेकालाई २० प्रतिशत थप हुने गरी हुन आउने रकम एक मुष्ट लिन पाउँनेछ ।

(६) कुनै शिक्षक कर्मचारी विरामी भएमा औषधी उपचारको लागि निकासा दिँदा २० बर्षको अवधिलाई सेवाको पूरा अवधि मानी त्यसको अनुपातमा विरामी हुने शिक्षक, कर्मचारीले गरेको सेवा अवधिले हिसाब गरी यस नियम बमोजिम औषधी उपचार खर्च दिइनेछ । सेवा अवधि गणना गर्दा अस्थायी वा करार सेवा अटूट राखी स्थायी भएको अवधिलाई समेत गणना गरिनेछ ।

४५. विश्वविद्यालय सेवा पदकको व्यवस्थाः विश्वविद्यालय सेवामा अनिवार्य अवकाश प्राप्त गरेका वा कम्तीमा २५ वर्ष विश्वविद्यालय सेवा गरेका शिक्षक तथा कर्मचारीलाई कार्यकारी परिषद्बाट तोकिए बमोजिमको सेवा पदक, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गर्न सकिनेछ ।

४६. दाह संस्कार खर्चः विश्वविद्यालय सेवामा कार्यरत रहेको अवस्थामा कुनै पदाधिकारी वा शिक्षक वा कर्मचारीको मृत्यु हुँदा निजको दाह संस्कार बापत रू. ५०,०००/- मृतक व्यक्तिको हकदारलाई दिइने छ ।

४७. प्राथमिकता र सहुलियतः विश्वविद्यालयमा कार्यरत तथा पूर्व पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूलाई विश्वविद्यालयका निकायहरूबाट सेवा लिनु पर्ने भएमा कार्यकारी परिषद्बाट तोकिएबमोजिमको प्राथमिकता र सहुलियत प्रदान गरिनेछ ।

४८.चेयर प्रदानः (१) विश्वविद्यालयबाट वा कुनै राष्ट्रिय वा विदेशी वा अन्तर्राष्ट्रिय संस्था वा व्यक्तिबाट स्थापित चेयर तोकिएको शैक्षिक, प्राज्ञिक वा अनुसन्धान सम्बन्धी कार्य गर्ने विश्वविद्यालय सेवाका अवकाशप्राप्त वा वहालवाला शिक्षकहरूमध्ये उपयुक्त शिक्षकलाई सम्बन्धित विद्यापरिषद्को सिफारिसमा कार्यकारी परिषद्ले चेयर प्रदान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको चेयरको व्यवस्था, सुविधा, शर्त र अन्य कार्यविधि प्राज्ञिक परिषद्को सिफारिसमा कार्यकारी परिषद्बाट तोकिएबमोजिम हुनेछ ।

४९. मरणोपरान्त अनुदानः विश्वविद्यालय सेवाका स्थायी शिक्षक वा कर्मचारीको सेवा अवधिमा मृत्यु भएमा निजका हकवालालाई एकमुष्ट रू. ५०,०००/- (पचास हजार रूपैंया) दिइनेछ ।

(२) हकवालाको निर्धारण निवृत्तिभरण सम्बन्धी नियमअनुसार नै हुनेछ ।

# परिच्छेद - ७

## अवकाश

५०. अनिवार्य अवकाशः (१) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीलाई निजको उमेर ६३ वर्ष पूरा भएपछि विश्वविद्यालय सेवाबाट अनिवार्य अवकाश दिइनेछ ।

(२) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि माथि उपनियम (१) बमोजिम अनिवार्य अवकाशमा पर्ने शिक्षक वा कर्मचारी जुनसुकै प्रक्रियाबाट विश्वविद्यालय सेवामा यो नियम प्रारम्भ हुनु अघिल्लो दिनसम्म नियुक्त भई आएकोमा निजको उपदान वा निवृत्तिभरण वा अन्य सुविधाको प्रयोजनका लागि निजको हकमा विश्वविद्यालय सेवा अवधि निजको उमेर ६३ वर्षको आधार मानिनेछ ।

(३) उपनियम (१) बमोजिम अवकाश प्राप्त शिक्षक वा कर्मचारीलाई विश्वविद्यालय अन्तर्गत संचालित हुने आयोजनाहरूका रिक्त पदमा करारमा नियुक्ति गर्दा योग्यता र दक्षताको आधारमा प्राथमिकता दिन सकिनेछ।

(४) यस नियमको प्रयोजनको लागि शिक्षक, कर्मचारीको उमेरको गणना गर्दा सेवामा प्रवेश गर्दा निजले पेश गरेको शिक्षण संस्थानको प्रमाणपत्रमा उल्लेख भएको जन्म दिन वा बर्षबाट हुन आउने उमेर वा नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको जन्मदिन वा वर्षबाट हुन आउने उमेर वा निजले भरेको वैयक्तिक विवरण (सिटरोल) मा लेखिदिएको जन्म मिति वर्ष दिनवाट हुन आएको उमेर मध्ये जुन उमेरवाट निज पहिले अवकाश पाउने हो सोही आधारमा उमेर गणना गरिनेछ ।

(५) वर्ष वा सम्वत् मात्र उल्लेख भएको प्रमाणपत्रका आधारमा जन्म मिति कायम गर्दा देहाय बमोजिम कायम गरिनेछ ।

क) नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मितिका आधारमा,

ख) शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मितिको आधारमा,

ग) सिटरोलको हकमा शुरू भर्ना भएको मितिको आधारमा ।

(६) कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको रहेछ तथा त्यस्तो प्रमाणपत्रमा उल्लिखित जन्म मितिहरूको बिचमा एक वर्ष सम्मको अन्तर देखिएमा पूरा खुलेको जन्म मितिलाई आधार मान्नु पर्नेछ ।

(७) माथि उपनियम (५) र (६) मा जुनसुकै कुरा लेखिएको भएता पनि छुट्टा छुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिको अन्तर एकवर्ष भन्दा बढी आएमा वर्षमात्र उल्लेख भएको प्रमाणपत्रको आधारमा उपनियम (५) र (६) बमोजिम जन्ममिति कायम गरिनेछ ।

५१. स्वैच्छिक अवकाशः (१) २० वर्षसम्म स्थायी सेवा गरिसकेका शिक्षक वा कर्मचारीलाई निजको इच्छा भएमा नियुक्ति गर्ने अधिकारीले सेवाबाट अवकाश लिन अनुमति दिन सक्नेछ ।

५२. सेवा अवधिको गणनाः (१) यस नियमावलीको परिच्छेद् (७) र (८) को प्रयोजनको लागि सेवाको अवधिको गणना गर्दा विश्वविद्यालय सेवामा अस्थायी सेवामा वा पूर्णकालीन करार सेवामा रही अटूट सेवा गरी स्थायी भएको र स्थायी नियुक्त भई सेवा गरेको परीक्षणकालको अवधि तथा निलम्वनमा रहेको अवधिलाई समेत गणना गरिनेछ ।

(२) विश्वविद्यालयका शिक्षक वा कर्मचारी विश्वविद्यालय सेवाकालागि अयोग्य हुने गरी बर्खास्त भएकोमा पछि कुनै कारणले सो अयोग्यता प्रमाणित नभई निज शिक्षक वा कर्मचारीको स्थायी नियुक्ति भएमा वा राजीनामा दिई विश्वविद्यालय सेवा छाडेको तर उपदान वा निवृत्तिभरण नपाएको अवस्थामा फेरी विश्वविद्यालय सेवामा स्थायी नियुक्ति भएमा विश्वविद्यालय सेवामा सो शिक्षक वा कर्मचारीको सेवा अवधि जोडिनेछ ।

(३) विश्वविद्यालयको शिक्षक वा कर्मचारीले अन्यत्र काममा रहेको अवस्थाको सेवा अवधि गणना गर्दा सो निकायबाट निवृत्तिभरण वा उपदान लिएमा सो अवधि विश्वविद्यालयको उपदान र निवृत्तिभरणको प्रयोजनकोलागि गणना गरिने छैन ।

(४) उपनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि विश्वविद्यालयको ऐनको दफा (३) को उपदफा (२) बमोजिम यस विश्वविद्यालयमा गाभिन आएका शिक्षक तथा कर्मचारीहरू यस विश्वविद्यालय सेवामा प्रवेश गरेको मानिने छ र निजहरूले सेवा शुरू गरेको साविक अवधि देखि नै उपदान वा निवृत्तिभरणको प्रयोजनकोलागि सेवा अवधि गणना गरिने छ ।

(५) विश्वविद्यालय सेवामा स्थायी नियुक्त भई काम गरिरहेका कुनै प्रशासनिक कर्मचारी नियमानुसार शिक्षणतर्फ नियुक्त भएमा निजले प्रशासनिक पदमा रही सेवा गरेबाफत पाउने उपदान वा निवृत्तिभरण नलिएमा मात्र निजको सेवा अवधि उपदान वा निवृत्तिभरणका प्रयोजनकोलागि शिक्षणतर्फ जोडी गणना गरिनेछ । यो नियम सोही प्रक्रियाअनुसार शिक्षणबाट प्रशासनतर्फ आउने शिक्षकलाई पनि लागू हुनेछ ।

(६) उपनियम (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी वा विकास तर्फको नियुक्तिको अवधिलाई उपदान वा निवृत्तिभरणको प्रयोजनकोलागि सेवा अवधिमा गणना गर्दा सम्बन्धित शिक्षक वा कर्मचारी विश्वविद्यालय सेवामा स्थायी नियुक्ति हुँदाको बखत निजबाट विश्वविद्यालयमा पेश भइसकेको वा विश्वविद्यालयको अभिलेखमा रहेका आधिकारिक प्रमाणलाई आधार मानी मान्यता दिइ सेवा अवधिको गणना गरिनेछ ।

(७) उच्च अध्ययनको लागि स्वीकृत गराई अध्ययन विदामा बसेको तर सो अध्ययन पूरा नगरी फर्केको हकमा भने निज अध्ययन गर्न गएको अवधि यस नियमको प्रयोजनको लागि सेवा अवधिमा गणना गरिने छैन ।

## परिच्छेद –८

### उपदान र निवृत्तिभरण

५३. उपदान र निवृत्तिभरण कोषः (१) यस विश्वविद्यालयको आर्थिक प्रशासन नियमावली, २०६८ बमोजिम स्थापित उपदान तथा निवृत्तिभरण कोष शीर्षकमा शिक्षक तथा कर्मचारीहरूको तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकममा विश्वविद्यालयले स्वीकृत तलब शीर्षकको वार्षिक बजेटवाट कम्तिमा १० प्रतिशत रकम एकमुष्ट थपगरी उपदान तथा निवृत्तिभरणकोषको प्रयोजनकोलागि दाखिला गरिने छ । तर सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ को दफा ३ (२) बमोजिम यस विश्वविद्यालयमा समायोजन हुने त्रि. वि. का आंगिक र सम्बन्धन प्राप्त क्याम्पसका शिक्षक तथा कर्मचारीको हकमा भने उपदान र निवृत्तिभरण प्रयोजनकोलागि निजहरूको तलबबाट रकम कट्टा गरिने छैन ।

५४. उपदानः (१) पाँच वर्ष वा सोभन्दा वढी स्थायीसेवा गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेका शिक्षक वा कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई विश्वविद्यालय सेवाबाट अलग भएमा वा विश्वविद्यालय सेवाको निमित्त भविष्यमा अयोग्य नठहरिने गरी विश्वविद्यालय सेवाबाट हटाइएमा देहाय बमोजिमको उपदान पाउनेछन् ।

(क) ५ वर्षदेखि १० वर्षसम्म विश्वविद्यालय सेवामा रहेका शिक्षक वा कर्मचारीले विश्वविद्यालय सेवामा आफू रहेको प्रत्येक वर्षको निमित खाइपाई आएको आखिर तलबले आधा महिनाको तलब,

(ख) १० वर्षभन्दा बढी १५ वर्षसम्म विश्वविद्यालय सेवामा रहेका शिक्षक वा कर्मचारीले विश्वविद्यालय सेवामा आफू रहेको प्रत्येक वर्षका निमित्त खाईपाई आएको आखिरी तलबको दरले १ महिनाको तलब,

(ग) १५ वर्षभन्दा वढी २० वर्ष पूरा नभएसम्म विश्वविद्यालय सेवामा रहेका शिक्षक वा कर्मचारीले विश्वविद्यालय सेवामा आफू रहेको प्रत्येक वर्षका निमित्त खाइपाई आएको आखिरी तलबको ४५ दिनको तलब ।

(२) उपनियम (१) को खण्ड (क), (ख) र (ग) अनुसार उपदानको रकम शिक्षक वा कर्मचारी अवकाश हुँदाको अवस्थामा विश्वविद्यालयका प्रचलित तलब स्केलको सुरू तलब अंकको हिसाबले हुने क्रमशः ६ महिना, १२ महिना र १८ महिनाको तलबभन्दा बढी हुनसक्ने छैन।

(३) विश्वविद्यालयको कुनै निकायको पद नै नचाहिने भई खारेजीमा परेको वा शारीरिक अस्वस्थताको कारणले विश्वविद्यालय सेवामा रहन असमर्थ भएको कुनै शिक्षक वा कर्मचारीले कम्तीमा ३ वर्ष पूरा सेवा गरेको रहेछ र निजको सेवाको जम्मा अवधिमा ५

वर्ष थपेमा निवृत्तिभरण पाउने अवधि पुग्दैन भने खारेजीमा परेको वा शारीरिक अस्वस्थताको कारणले विश्वविद्यालयको सेवा गर्न असमर्थ भएको अवधिसम्मको निजको सेवाको जम्मा ५ वर्ष थपी हुन आउने अवधिको हिसाबले निजलाई यस नियमबमोजिम उपदान दिनु पर्नेछ ।

(४) विश्वविद्यालयको सेवा पाउन वा सो सेवामा बहाल रहने उद्देश्यले शिक्षा सम्बन्धी कुनै योग्यता तीन पुस्तेवारी, नाम, थर, वतन, नागरिकता झुट्टा प्रमाणित हुन आएमा यो नियमबमोजिम त्यस्तो शिक्षक कर्मचारीलाई उपदान दिइने छैन ।

‡‡ ५४क. **योगदानमा आधारित उपदान सम्बन्धी व्यवस्थाः** योगदानमा आधारित उपदान दिने प्रयोजनको लागि सुदूरपश्चिम विश्वविद्यालयबाट स्थापित उपदान तथा निवृत्तिभरण कोषबाट देहाय वमोजिम व्यवस्था गरिनेछ ।

(१) स्थायी शिक्षक कर्मचारीहरुको मासिक तलबबाट दश प्रतिशतका दरले कट्टी गरी सो रकममा त्यति नै रकम सुदूरपश्चिम विश्वविद्यालयबाट थप गरिनेछ ।

(२) कोषको रकम शिक्षक कर्मचारीको व्यक्तिगत खाता खोली नागरिक लगानी कोष वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंक वा वित्तीय संस्थामा जम्मा गरिनेछ ।

(३) उपनियम (२) बमोजिम को रकम, सोबाट आर्जित ब्याज र प्रतिफल समेत सुदूरपश्चिम विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावलीको परिच्छेद ७ बमोजिम सेवाबाट अवकाश प्राप्त गर्दा शिक्षक कर्मचारीले एकमुष्ट फिर्ता पाउने छन् । तर, सोही नियमावलीको परिच्छेद ११ को नियम ६७ को उपनियम (ख) (२) बमोजिम भविष्यमा विश्वविद्यालय सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट हटाइएका वा बर्खास्त गरिएका शिक्षक तथा कर्मचारीले उक्त कोषमा निजको तलबबाट कट्टा गरि जम्मा गरिएको रकम, सोबाट आर्जित ब्याज र प्रतिफल मात्र फिर्ता पाउनेछन्।

(४) सुदूरपश्चिम विश्वविद्यालय शिक्षक कर्मचारी सेवा नियमावली २०६८, को नियम ११०क. र ११०ख. वमोजिम नियुक्त शिक्षक कर्मचारीका हकमा आवद्ध भइ आउने क्याम्पसबाट उपदान कोषको रकम ल्याइ आएमा उपनियम (२) वमोजिम सम्बन्धित शिक्षक कर्मचारीको खातामा जम्मा गरि निरन्तरता दिइनेछ ।

५५. निवृत्तिभरणः (१) २० वर्ष वा सो भन्दा बढी अवधि विश्वविद्यालय सेवामा कार्यरत शिक्षक वा कर्मचारीले अवकाश प्राप्त गरेको मितिदेखि जीवन पर्यन्त देहाय बमोजिम मासिक निवृत्तिभरण पाउने छन् ।

---

‡‡ शिक्षक कर्मचारी सेवा नियमावली, छैठौं संशोधन २०७७ द्वारा थप

जम्मा सेवा वर्ष × आखिरी तलबको रकम

५०

(२) यस नियम अनुसार पाउने निवृत्तिभरणको मासिक रकम सम्बन्धित शिक्षक वा कर्मचारीले खाईपाई आएको मासिक तलबको ५० प्रतिशत भन्दा घटी हुने छैन ।

(३) विश्वविद्यालयलाई आफ्नो कुनै निकाय वा पद नै आवश्यक नभई खारेज गर्नु परेमा वा शारीरिक अस्वस्थताका कारणले विश्वविद्यालयको सेवा गर्न असमर्थ भएको वा मृत्यु भएको कुनै शिक्षक वा कर्मचारीको सेवाको जम्मा अवधिमा ५ वर्ष सम्म थपमा निवृत्तिभरण पाउन सक्ने भएमा निवृत्तिभरण पाउने अवधि पुऱ्याउने प्रयोजनको लागि बढीमा ५ वर्ष सम्म थपिने छ ।

(४) विश्वविद्यालयको कुनै पदमा पहिला गरेको सेवा वाफत निवृत्तिभरण पाईरहेको भूतपूर्व शिक्षक वा कर्मचारी पछि विश्वविद्यालयको शिक्षक वा कर्मचारीको पदमा नियुक्त भएमा निजले पछि गरेको सेवा वाफत यो नियम बमोजिम निवृत्तिभरण पाउने छैन ।

(५) विश्वविद्यालयको सेवा पाउने वा सो सेवामा वहाल हुने उदेश्यले शिक्षा सम्बन्धी योग्यता, तीन पुस्ता, उमेर, नाम, वतन, नागरिकता ढाँटेको प्रमाणित हुन गएमा यो नियम बमोजिम निवृत्तिभरण दिइने छैन ।

५६. निवृत्तिभरण वृद्धिः (१) विश्वविद्यालयका शिक्षक वा कर्मचारीलाई देहायको अवस्थामा निवृत्तिभरण वृद्धि गरिनेछ।

(क) वहालवाला शिक्षक वा कर्मचारीको तलब बृद्धि हुँदा तलबको शुरू अंकमा जति वृद्धि भएको छ, त्यसको दुई तिहाइ रकम समान पदमा निवृत्त भएका शिक्षक वा कर्मचारीको निवृत्तिभरण रकममा पनि थप गरिने छ ।

(ख) विश्वविद्यालय सेवाबाट निवृत्त भएका भूतपूर्व शिक्षक, कर्मचारीलाई खाईपाई आएको मासिक निवृत्तिभरण वरावरको रकम दशैं खर्च वापत दिइनेछ ।

५७. पारिवारिक निवृत्तिभरणः (१) यस नियम बमोजिम पारिवारिक निवृत्तिभरण देहायबमोजिम हुनेछ ।

(क) कुनै शिक्षक वा कर्मचारी विश्वविद्यालयको सेवामा छँदै वा सेवा निवृत्तिभरण पाउन थालेको ७ वर्ष नपुग्दै मृत्यु भएमा यस नियमावलीमा व्यवस्था गरेअनुसार निजको परिवारलाई नियम ५५ मा लेखिएको दरले निवृत्तिभरण प्रदान गरिनेछ ।

(ख) खण्ड (क) बमोजिम निवृत्तिभरण पाउन थालेको ७ वर्ष नपुग्दैमा मृत्यु भएका शिक्षक वा कर्मचारीको परिवारलाई ७ वर्ष पुगेपछि निवृत्तिभरण प्राप्त हुनेछैन ।

(ग) शिक्षक वा कर्मचारीको विधुर पति वा विधवा पत्नीको हकमा निजले निजको पति वा पत्नी विश्वविद्यालय सेवामा हुँदै वा निवृत्तिभरण पाउन थालेको ७ वर्ष नपुग्दै मृत्यु

भएमा यस नियम बमोजिम पारिवारिक निवृत्तिभरण पाउने भएमा सो निवृत्तिभरण पाउने अवधि भुक्तान भएको मिति देखि निजले पाउने निवृत्तिभरणको आधा रकम आजीवन पाउनेछ ।

(घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भएता पनि निवृत्तिभरण पाउनेले पुनः वैवाहिक सम्बन्ध कायम गरेमा यो सुविधा पाउने छैन ।

(ङ) यस नियम बमोजिम उपदान तथा निवृत्तिभरण भुक्तानी गर्दा मृतक शिक्षक वा कर्मचारीले आफ्नो परिवारको सदस्य मध्येमा वा आफ्नो नावालक भाई वा अविवाहिता दिदी, वहिनी कसैलाई इच्छाईएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा सो शिक्षक वा कर्मचारीको परिवारको सदस्यमध्ये कानूनी हकवालालाई दिइनेछ ।

(च) खण्ड (ङ) को प्रयोजनकोलागि परिवार भन्नाले शिक्षक वा कर्मचारीको आफैसंग बस्ने तथा आफैंले पालनपोषण गर्नुपर्ने, पति, पत्नी, छोरा वा धर्मपुत्र अविवाहिता छोरी वा अविवाहिता धर्मपुत्री जनाउनेछ।

५८. असाधारण पारिवारिक निवृत्तिभरणः (१) कुनै शिक्षक वा कर्मचारीको तत्कालै मृत्यु भएमा वा ठूलो चोटपटक लागी त्यसको कारणवाट निको नहुँदै पछि मृत्यु भएमा निजको विधुर पति वा विधवा पत्नीलाई कार्यकारी परिषद्बाट तोकिए बमोजिमको छुट्टै आजीवन पारिवारिक निवृत्तिभरण दिईनेछ ।

(२) उपनियम (१) को प्रयोजनको लागि विधुर पति वा विधवा पत्नीलाई देहायबमोजिमको अवस्थामा मात्र मान्यता दिइनेछ ।

क) विश्वविद्यालय सेवाको कारणबाट मृत्यु हुने घटना अघि शिक्षक वा कर्मचारीसंग वैवाहिक सम्बन्ध भइसकेको हुनुपर्ने छ ।

(ख) शिक्षक वा कर्मचारीको मृत्यु भएको समयमा निज एकासगोलमा रहेको हुनु पर्नेछ ।

(३) विधुर पति वा विधवा पत्नी नभएमा वा पति वा पत्नीको मृत्यु अघि निजबाट भिन्न भइसकेको भएमा वा विधुर पति वा विधवा पत्नीको पुनः विवाह हुनु भन्दा अघिको पतिबाट जन्मेको १६ वर्ष भन्दा कम उमेरका सन्तान वा धर्म पुत्र अविवाहिता धर्मपुत्री रहेछन् भने निजहरूको गुजाराको निमित्त प्रत्येकलाई कार्यकारी परिषद्ले मनासिव देखेको अवधिसम्मका लागि दामासाहीले विधुर पति वा विधवापत्नीले पाउने निवृत्तिभरणको दुई तिहाइमा नबढ्ने गरी पारिवारिक निवृत्तिभरण प्रदान गर्न सक्ने छ ।

(४) मृत शिक्षक वा कर्मचारीका विधुर पति वा विधवा पत्नी, सन्तति वा धर्मपुत्र वा धर्मपुत्री रहेछन् र निज शिक्षक वा कर्मचारीको आश्रित आमा, बाबु दुवै वा दुईमध्ये एक रहेछन

भने निजहरूको गुजाराको निमित्त कार्यकारी परिषद्‌ले मनासिव देखेमा वढीमा १० वर्षको अवधिसम्मका लागि दामासाहीले विधुर पति वा विधवा पत्नीले पाउने पारिवारिक निवृत्तिभरणको दुई तिहाईमा नबढ्ने गरी मनासिव ठहरिन आएको दरले पारिवारिक निवृत्तिभरण प्रदान गर्न सकिनेछ ।

(५) मृत शिक्षक वा कर्मचारीको विधुर पति वा विधवा पत्नीको हकमा कार्यकारी परिषद्‌ले औचित्य र आवश्यकता हेरी तोकिए बमोजिम हुनेछ ।

५९. समिति गठनः (१) कुनै शिक्षक वा कर्मचारी विश्वविद्यालयको कामको शिलशिलामा मृत्यु भएमा वा सो कारणबाट निको नहुँदै मृत्यु भएमा निजको विधुर पति वा विधवा पत्नीले पाउने आजीवन पारिवारिक निवृत्तिभरणका सम्बन्धमा सिफारिस गर्न कार्यकारी परिषद्‌ले समिति गठन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको समितिलाई कुनै शिक्षक वा कर्मचारीको मृत्यु विश्वविद्यालयको कामको सिलसिलामा भएको हो वा होइन भन्ने सम्बन्धमा समेत राय ब्यक्त गरी सिफारिस गर्ने अधिकार हुनेछ।

६०. तलबको उल्लेखः (१) यस परिच्छेदमा जहाँ तलबको उल्लेख भएको छ त्यसले सम्बन्धित शिक्षक वा कर्मचारीको तत्कालको तलब उल्लेख भएको (ग्रेड वृद्धि समेत) लाई जनाउनेछ ।

(२) यस नियम बमोजिम प्रदान गरिने उपदान र निवृत्तिभरणको रकमको प्रयोजनकोलागि आखिरी तलब भन्नाले सम्बन्धित शिक्षक वा कर्मचारीले अवकाश प्राप्त गर्ने अवस्थाको पूरा तलबको हिसाव गरिनेछ।

६१. उपदान तथा निवृत्तिभरण पाउने हकवालाको क्रम र कार्यविधिः (१) उमेरको कारणबाट अनिवार्य अवकाश पाउने शिक्षक वा कर्मचारीले अवकाश लिने मिति भन्दा ६ महिना अगावै कार्यकारी परिषद्‌द्वारा तोकिएको ढाँचामा प्रपत्र (फाराम) भरी आफु वहाल रहेको विश्वविद्यालयको निकाय मार्फत रजिष्ट्रारलाई सम्बोधन गरी विश्वविद्यालयको केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।

(२) स्वेच्छिक अवकाश प्राप्त गर्ने वा कार्यकारी परिषद्‌ले अवकाश दिएको वा ६ महिना भित्र सो प्रपत्र (फाराम) भरी विश्वविद्यालयको निकाय मार्फत रजिष्ट्रारलाई सम्बोधन गरी विश्वविद्यालयको केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम प्रपत्र (फाराम) भर्न नपाउँदै कुनै शिक्षक वा कर्मचारीको मृत्यु भएमा त्यस्तो मृत शिक्षक वा कर्मचारीले कसैलाई नइच्छाएको भए निजको परिवारको सदस्यहरूमध्ये देहायको क्रमअनुसार जो जीवित छ उसैले विश्वविद्यालयको केन्द्रीय कार्यालयमा ६ महिना भित्र प्रपत्र भरी पठाउनु पर्नेछ ।

क) सगोलको पति वा पत्नी

ख) सगोलका छोरा वा धर्मपुत्र

ग) सगोलका अविवाहिता छोरी वा अविवाहिता धर्मपुत्री

घ) सगोलको बाबु आमा वा छोरा पट्टिको नाति

ङ) सगोलको भिन्न बसेको पति वा पत्नी

च) भिन्न बसेको छोरा वा धर्मपुत्र

छ) भिन्न बसेका अविवाहिता छोरी वा अविवाहिता धर्मपुत्री, बाबु र आमा

ज) सगोलका बाबुपट्टिको बाजे, बज्यै, दाजु, भाई, विधवा छोरी, बुहारी र छोरी पट्टिका अविवाहिता नातिनी

झ) सगोलका अविवाहिता दिदि, बहिनी

ञ) सगोलका भतिजा, भतिजि, सौतेनी आमा, भिन्न बसेको छोरा पट्टिको नाति र अविवाहिता नातिनी

ट) सगोलका काका, विधवा काकी, भाउजु, भाइबुहारी, नातिनी बुहारी ।

ठ) भिन्न बसेका दाजु, भाई

ड) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरी, बुहारी नातिनी बुहारी र भतिजा।

(४) एकै क्रममा एक भन्दा बढी नातेदारहरू तोकिएका भए सो क्रममा तोकिएका सबै नातेदारहरूले बराबर हिसावमा मृत शिक्षक वा कर्मचारीको निवृत्तिभरण पाउन सक्नेछन् ।

(५) उपनियम (१) र (२) बमोजिम प्रपत्र प्राप्त भएपछि विश्वविद्यालयको केन्द्रीय कार्यालयले आवश्यक जाँचबुझ गरी अवकाश प्राप्त गर्ने शिक्षक वा कर्मचारीको निवृत्तिभरण अधिकार पत्र (पेन्सन पेमेन्ट अर्डर) वा उपदान प्रदान गर्न आवश्यक कारवाही गर्नुपर्नेछ ।

६२. उपदान वा निवृत्तिभरण रोक्काः बुझबुझारथ गर्नुपर्ने शिक्षक तथा कर्मचारीले त्यसरी बुझबुझारथ नगरेमा वा बुझ्नु पर्ने नबुझेमा वा बुझाउनु पर्ने नबुझाएमा निजले पाउने उपदान तथा निवृत्तिभरण रजिष्ट्रारको निर्णयबाट रोक्का गर्न वा नदिन सकिनेछ ।

६३. उपदान वा निवृत्तिभरण पाउनेः (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाएका शिक्षक वा कर्मचारीले निवृत्तिभरण पाउने छन् ।

(क) उपदान तथा निवृत्तिभरण भुक्तानीको लागि सेवा अवधि गणना गर्दा नियम ५२ बमोजिम गणना गरिनेछ।

✦(ख) अन्य विश्वविद्यालय वा सरकारी लगानीमा सञ्चालित शिक्षण संस्था तथा प्रतिष्ठानबाट निवृत्तिभरण प्राप्त गरिरहेको शिक्षक, कर्मचारीको हकमा यस विश्वविद्यालयबाट निवृत्तिभरण दिईने छैन । तर उपदान प्रदान गर्न भने यो नियमले वाधा पुऱ्याएको मानिने छैन ।

(ग) विश्वविद्यालय सेवा आयोग वा सभाबाट निर्णय भई नियुक्त भएमा स्थायी शिक्षक वा कर्मचारीले यस नियम बमोजिम उपदान तथा निवृत्तिभरण पाउने छन् तर करार सेवा वा अस्थायी वा अन्य यस्तै प्रकारका सेवाका शिक्षक तथा कर्मचारीले उपदान वा निवृत्तिभरण पाउने छैन ।

✦ शिक्षक, कर्मचारी सेवा नियमावली दोस्रो संशोधन २०७१ द्वारा संशोधित

(घ) विश्वविद्यालयको स्थायी सेवामा कार्यरत रही यो नियम लागू हुनु भन्दा अगाडी राजीनामा दिई वा मृत्यु भई विश्वविद्यालय सेवाबाट अलग भएका शिक्षक/कर्मचारीहरूलाई पनि यसै नियमअनुसार उपदान तथा निवृत्तिभरण प्रदान गरिने छ ।

(२) उपदान वा निवृत्तिभरण सम्बन्धी अन्य व्यवस्था कार्यप्रणाली, सम्बन्धित फारमहरूको ढाँचा कार्यकारी परिषद्ले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ८

### शिक्षक, कर्मचारीको सञ्चयकोष र सापटी

६४. कर्मचारी सञ्चयकोषः (१) विश्वविद्यालयमा पूरा समय काम गर्ने प्रत्येक पदाधिकारी, स्थायी शिक्षक वा कर्मचारी संचयकोषको सदस्य हुनेछन् । ♠त्यस्ता सदस्यले पाउने मासिक तलबाट १० प्रतिशतको दरले महिनैपिच्छे रकम कटाइनेछ र त्यति नै रकम विश्वविद्यालयले थप गर्नेछ। यसरी जम्मा हुने रकम सदस्यको नाममा संचयकोषमा जम्मा गरिनेछ ।

(२) त्रि. वि बाट यस सुदूरपश्चिम विश्वविद्यालयमा ऐनको दफा ३(२) बमोजिम समायोजन भएको आंगिक क्याम्पसका शिक्षक, कर्मचारीहरूले यस विश्वविद्यालय सेवामा प्रवेश गर्नुभन्दा अघिल्लो दिन सम्मको संचयकोष, उपदान, निवृत्तिभरण र विदा लगायतका अन्य सुविधा त्रि. वि. बाट रूजु गरी लिई आउनुपर्ने छ ।

(३) त्रि. वि. बाट यस सुदूरपश्चिम विश्वविद्यालयमा समायोजन भएको सम्वन्धन प्राप्त क्याम्पसका शिक्षक, कर्मचारीहरूको यस विश्वविद्यालय सेवामा प्रवेश गर्नुभन्दा अघिल्लो दिन सम्मको सञ्चयकोष, उपदान, निबृतिभरण र विदा लगायतका अन्य सुविधाहरू ऐनको दफा ३(२) बमोजिम समायोजन भएको सम्बन्धित क्याम्पसबाट रूजु गरी लिई आउनुपर्ने छ । यसरी रूजु गर्दा सुदूरपश्चिम विश्वविद्यालय ऐन २०६७ संग नबाझिने गरी गर्नु पर्ने छ ।

(४) शिक्षक तथा कर्मचारी विश्वविद्यालय सेवामा आएको मितिदेखि मात्र निजहरूलाई विश्वविद्यालय सञ्चय कोषको सुविधा दिइनेछ ।

(५) यस नियममावलीमा व्यवस्था गरिए बमोजिमको सञ्चयकोष कट्टी सम्बन्धी सुविधा विश्वविद्यालयमा स्थायी सेवा गरी आएका शिक्षक वा कर्मचारीहरूले मात्र उपभोग गर्न पाउनेछन् ।

६५. सापटी तथा पेश्कीः शिक्षक तथा कर्मचारीहरूलाई दिईने पेश्की तथा सापटी कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ ।

---

♠ शिक्षक, कर्मचारी सेवा नियमावली दोस्रो संशोधन २०७१ द्वारा संशोधित

## परिच्छेद - १०

### शिक्षक, कर्मचारीको आचरण

६६. विश्वविद्यालयका शिक्षक, कर्मचारीको आचरणः (१) विश्वविद्यालयका शिक्षक, कर्मचारीले विश्वविद्यालय र यस अन्तर्गतका निकायहरूमा सेवामा वहाल रहँदा वा कार्यरत रहँदा देहाय बमोजिमको आचरणहरूको पालना गर्नुपर्नेछ ।

(क) शिक्षक वा कर्मचारीले कार्यसम्पादनको सिलसिलामा प्राप्त जानकारी र सूचनाको गोप्यता भंग गर्न नहुने ।

(ख) तोकिएको समयको नियमितताको पालना गरी रूजु हाजिर रहनु पर्ने ।

(ग) आफ्नो स्वार्थ रहेको विषयमा आफैंले निर्णय गर्न नहुने ।

(घ) प्राज्ञिक बहस, नेपाल प्राध्यापक संघ, कर्मचारी संघ जस्ता पेशागत संगठन र सामाजिक संस्थाहरूमा उम्मेदवार हुने र भाग लिन वाहेक राजनीतिक दलको सदस्य भई राजनीतिक निर्वाचनमा उम्मेदवार बन्न पाईने छैन ।

(ङ) यदि उम्मेदवार बन्नु पर्ने भएमा कार्यकारी परिषद्ले अन्यथा निर्णय गरे वाहेक १५ दिन अगावै विश्वविद्यालय सेवाबाट राजीनामा दिनु पर्ने छ ।

(च) आफू कार्यरत रहेको निकाय वा कार्यालय वाहेक कार्यकारी परिषद्ले तोकेको पदाधिकारीको स्वीकृति विना अन्य निकायमा पूरा वा आंशिक समयका लागि काम गर्न हुँदैन ।

(छ) आफ्नो नाता पर्ने कुनै शिक्षक वा कर्मचारी वा व्यक्तिको विषयमा आफूले निर्णय गर्न नहुने ।

(ज) खण्ड (छ) को प्रयोजनका लागि नाता पर्ने कुनै शिक्षक, कर्मचारी वा व्यक्ति भन्नाले पति/पत्नी, आफ्ना छोराछोरी, बुहारी वा ज्वाइ, सहोदर दाजुभाइ र निजहरूका पत्नी, आमाबाबु सम्झनु पर्छ ।

(झ) शिक्षक तथा कर्मचारीले कुनै परामर्श वा अनुसन्धान सम्बन्धी प्रतिष्ठान खोल्न वा सञ्चालन गर्न पाईने छैन ।

(ञ) अख्तियारवालाको स्वीकृति बेगर शिक्षक वा कर्मचारीले कुनै संस्था वा ठाउँबाट प्राप्त छात्रवृत्ति स्वीकार गर्न पाईने छैन ।

(ट) शिक्षक तथा कर्मचारीले विश्वविद्यालय भित्र वा बाहिर आफ्नो बौद्धिक तथा प्राज्ञिक प्रतिष्ठा कायम रहने गरी आफ्नो आचरण तथा नैतिकता स्वच्छ र पवित्र राख्नु पर्नेछ।

(ठ) नियम (झ) मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुसन्धान, परामर्श, प्राज्ञिक तथा व्यवसायिक प्रकृतिको सेवा वा काम गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन र सो सम्बन्धी अन्य व्यवस्था कार्यव्यवस्था प्रणालीले तोकेअनुसार हुनेछ ।

(ड) शिक्षक तथा कर्मचारीले विश्वविद्यालयको कुनै सम्पत्तिको हानि नोक्सानी गर्नु गराउनु हुँदैन ।

(ढ) विद्यार्थीहरूलाई शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान सम्बन्धी सल्लाह दिनु, विश्वविद्यालयमा आइपरेका समस्या समाधानमा विश्वविद्यालयलाई सहयोग गर्नु, मर्यादित र प्रतिष्ठित राख्नु तथा राख्न सहयोग गर्नु र विश्वविद्यालयको उद्देश्य प्राप्तिको लागि प्राज्ञिक उन्नयनमा तल्लीन रहनु पर्ने छ ।

(ण) शिक्षक तथा कर्मचारीहरूले विश्वविद्यालयसँग सम्बन्धित ऐन, नियम, विनियम, निर्देशिका, कार्यव्यवस्थापन प्रणाली र तोकिए बमोजिमका निर्देशनहरूको पालना गर्नु पर्दछ ।

(त) शिक्षक तथा कर्मचारीले अनुचित कार्य र भ्रष्टाचार र भ्रष्टाचार जन्य कार्य गर्नु गराउनु र त्यसमा संलग्न हुनु हुँदैन ।

(थ) आफू मुनिका पदाधिकारी, शिक्षक र कर्मचारीप्रति उचित व्यवहार गर्नुपर्नेछ ।

(द) पदाधिकारी, शिक्षक र कर्मचारीले आफूभन्दा माथिका सबै पदाधिकारी, शिक्षक र कर्मचारीहरूप्रति उचित आदर देखाउनु पर्नेछ ।

(ध) कुनै पदाधिकारी, शिक्षक वा कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा आफ्नो स्वार्थपूर्तिको लागि दूषित मनसायले कुनै कार्य गर्नु हुँदैन ।

(न) कुनै पदाधिकारी, शिक्षक र कर्मचारीले व्यावसायिक प्रकृतिको कामकाज गर्दा विश्वविद्यालय, प्रचलित नेपाल कानून र मान्यताप्राप्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाबाट तोकिएको वा प्रतिपादित व्यवसायिक नैतिकता र आचार संहिताको पालना गर्नु, गराउनु पर्नेछ ।

(प) पदाधिकारी, शिक्षक वा कर्मचारीमाथि प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु गराउनु हुदैन ।

(फ) शिक्षकहरूले तोकिएको कक्षा लिने, सुपरिवेक्षण गर्ने र अन्य प्राज्ञिक कार्य गर्नु पर्नेछ र कर्मचारीहरूले कार्य विवरण अनुसारको कार्य गर्नु पर्नेछ ।

(ब) अपराध वा अपराधजन्य कार्यको प्रश्रय हुने गरी तालाबन्दी गर्नु, शारीरिक वा मानसिक कष्ट हुने गरी दवाब दिनु वा सो गर्ने उद्देश्यले अरूलाई उक्साउनु वा उक्साउन लगाउन समेत हुँदैन ।

## परिच्छेद - ११

### विभागीय कारवाही, सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

६७. सजायः उचित र पर्याप्त आधार र कारण भएमा विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूलाई तोकिएको अख्तियारवालाले देहाय बमोजिमको सजाय गर्न सक्नेछ ।

(क) <u>सामान्य सजाय</u>

१. नसीहत दिने ।

२. बढीमा २ ग्रेड वृद्धि रोक्का गर्ने ।

३. बढीमा २ वर्ष सम्मका लागि बढुवा रोक्का गर्ने ।

(ख) <u>विशेष सजाय</u>

१. भविष्यमा विश्वविद्यालय सेवाको लागि अयोग्य नठहरिने गरी विश्वविद्यालय सेवा बाट हटाउने वा बर्खास्त गर्ने,

२. भविष्यमा विश्वविद्यालयको सेवाको लागि अयोग्य ठहरिनेगरी सेवाबाट हटाउने वा बर्खास्त गर्ने।

६८. नसीहत, ग्रेड वृद्धि वा बढुवा रोक्काः सजाय दिन पाउने अख्तियारवालाले देहायको कुनै अवस्थामा शिक्षक तथा कर्मचारीलाई नियम ६७ (क) बमोजिम नसीहत दिन वा निजको ग्रेड वृद्धि वा बढुवा रोक्का गर्न सक्नेछ।

(क) काम सन्तोषजनक नभएमा,

(ख) सरूवाभएको विश्वविद्यालयको संगठन वा निकायमा म्यादभित्र हाजिर नभएमा,

(ग) आफू कार्यरत रहेको विश्वविद्यालयको संगठन वा निकायमा पूर्वस्वीकृति नलिई बराबर अनुपस्थित रहेमा,

(घ) अनुशासनहीन काम गरेमा,

(ङ) आचरण सम्बन्धी नियम उल्लंघन गरेमा,

(च) यस नियम बमोजिम बुझबुझारथ नगरेमा,

(छ) तोकिए बमोजिमको कार्य नगरेमा ।

६९. सेवाबाट हटाउने वा बर्खास्त गर्नेः (१) देहायको अवस्थामा सजाय गर्न पाउने अख्तियारवालाले शिक्षक तथा कर्मचारीलाई विश्वविद्यालय सेवाको लागि भविष्यमा अयोग्य नठहरिने गरी विश्वविद्यालय सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क) आफ्नो कर्तव्य पालनमा लापरवाही गरेमा,

(ख) कार्यक्षमताको अभाव भएमा,

(ग) मानसिक सन्तुलन गुमाई जिम्मेवारी अनुसार कर्तव्य पूरा गर्न नसक्ने भएमा,

(घ) यस नियम ६८ बमोजिम सजाय पाइसकेपछि पनि पटकपटक सोही कार्य दोहोऱ्याएमा,

(ङ) विश्वविद्यालय बाहेक अन्य निकायमा पूर्वस्वीकृति विना काम गरेमा,

द्रष्टव्यः यो नियम लागु हुनु भन्दा अघि विश्वविद्यालयको पूर्वस्वीकृति बेगर अन्यत्र पूरा समय वा आंशिक रूपमा कार्यरत शिक्षक तथा कर्मचारीहरूले यो नियम लागू भएको ९० दिनभित्र विश्वविद्यालयको स्वीकृति लिनु पर्नेछ अन्यथा यसै नियमअनुसार कारबाही गर्न सकिनेछ ।

(च) आचरणका नियमहरू बारम्बार उल्लंघन गरे वा पालना नगरेमा,

(छ) लगातार ९० दिनसम्म विना सूचना आफू कार्यरत निकाय वा कार्यालयमा अनुपस्थित रहेमा ।

(ज) विश्वविद्यालय सेवाको प्रयोजनको लागि पेश गरेको शैक्षिक प्रमाण-पत्र तथा उपाधिहरू नक्कली ठहरिएमा ।

(२) देहायको अवस्थामा सजाय गर्न पाउने अख्तियारवालाले शिक्षक तथा कर्मचारीलाई विश्वविद्यालय सेवाको लागि भविष्यमा अयोग्य ठहरिने गरी विश्वविद्यालय सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क) भ्रष्टाचार सम्बन्धी कसूरमा अदालतबाट सजाय पाएमा,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

७०. विभागीय कारवाही र सजाय सम्बन्धी विषेश ब्यवस्थाः (१) यस नियमावलीमा अन्यत्र जेसुकै कुरा लेखिएको भए तापनि अख्तियार दुरुपयोग अुनसन्धान आयोग ऐन नियम बमोजिम सो आयोगबाट र प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट विश्वविद्यालयका कुनै शिक्षक वा कर्मचारीलाई विभागीय कारवाही गर्न लेखी आएमा आवश्यक प्रक्रिया पुऱ्याई सो बमोजिम विभागीय कारवाही र सजाय गरिनेछ ।

(२) यस नियमावलीमा अन्यत्र जेसुकै कुरा लेखिएको भएता पनि नियम ३७ (२) विपरीत विदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने शिक्षक र कर्मचारीलाई गयल र तलब कट्टी गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवामा गणना गरिने छैन ।

(३) यस नियममा अन्यत्र जेसुकै कुरा लेखिएको भएता पनि विदा स्वीकृत नगराई लगातार ९० दिन भन्दा बढी अवधि अनुपस्थित हुने शिक्षक, कर्मचारीलाई गयल कट्टी गरी हाजिर गराईने छैन ।

(४) उपनियम (३) बमोजिमको अवस्थामा विद्यमान हुँदा हुँदै सो नियम विपरीत हाजिर गराएमा त्यसरी हाजिर गराउने अख्तियारवालालाई नियम ६८ बमोजिम विभागीय कारवाही हुनेछ ।

(५) हाजिर गराएको शिक्षक, कर्मचारीले खाएको तलब, भत्ता समेत त्यसरी हाजिर गराउने अख्तियारवालाको तलब भत्ताबाट असुल उपर गरिनेछ ।

७१. तलब कट्टीः विश्वविद्यालयका शिक्षक वा कर्मचारीले जानाजानी वा लापरबाही गरी वा प्रचलित कानून विपरीत कार्य गर्नाले विश्वविद्यालयलाई हानीनोक्सानी भएमा सो सम्पूर्ण वा आंशिक हानी नोक्सानी निजको सञ्चयकोष वाहेकको तलबबाट कट्टा गरी असुल गरिनेछ ।

७२. निलम्बनः (१) देहायको अवस्था विद्यमान भएमा सजाय गर्न पाउने अख्तियारवालाले सम्बन्धित शिक्षक वा कर्मचारीलाई निलम्वनमा राखी कारवाही गर्नेछ ।

(क) निलम्बन नगर्दा विश्वविद्यालयलाई हानीनोक्सानी हुने सम्भावना देखिएमा वा कारवाहीमा बाधा पर्ने भएमा ।

(ख) निलम्बन नगर्दा निजउपर लागेको अभियोगमा झुट्टा सबुत संकलन गर्न सक्ने वा आफ्नो विरूद्ध सवुत प्रमाण लोप गर्न सक्ने सम्भावना भएमा,

(२) निलम्वनमा रहेको शिक्षक वा कर्मचारी दोषमुक्त हुने गरी वा कुनै सजाय पाउने गरी अख्तियारवालाबाट निर्णय भए पश्चात् निजको निलम्वन समाप्त हुनेछ ।

७३. सजाय सम्बन्धी कार्यविधिः (१) यस नियमावलीको नियम १६ बमोजिम सफाइको सवुत दिने उचित मौका नदिई सेवाबाट हटाउने वा बर्खास्त गर्न सकिने अवस्थामा वाहेक शिक्षक वा कर्मचारीलाई यस परिच्छेद बमोजिम सजाय गर्दा सजायको आदेश दिनुभन्दा अगाडी सजाय गर्न पाउने अख्तियारले अनिवार्य रूपले सफाईको सवुत पेश गर्ने मौका दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सफाईको सबुत पेश गर्ने सूचना दिंदा शिक्षक वा कर्मचारी माथि लगाईएको आरोप स्पष्ट रूपले किटान गरिएको हुनुपर्नेछ ।

(३) शिक्षक, कर्मचारी माथि लगाईएको प्रत्येक आरोप यस परिच्छेद्को कुन नियम अर्न्तगत के विषय र कारणमा आधारित छ सो समेत स्पष्ट खुलाउनु पर्दछ ।

(४) उपनियम (३) बमोजिमको सूचना शिक्षक वा कर्मचारीले प्राप्त गरेपछि सो सूचनामा तोकिएको म्याद भित्र सो आरोपको सम्बन्धमा निजले सफाई पेश गर्न सक्नेछ ।

(५) आरोप लागेका शिक्षक वा कर्मचारीको सफाइ प्राप्त भएपछि सो सम्बन्धमा अख्तियारबालाले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै ब्यक्ति वा समितिद्वारा जाँचबुझ गराउन सक्नेछ ।

(६) उपनियम (५) बमोजिमका अन्य ब्यक्ति वा समितिले जाँचबुझ गरेकोमा प्रतिवेदनमा कारण सहितको आफ्नो ठहर तथा यथार्थ विवरण सबुत प्रमाण सहित अख्तियारवाला समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपनियम (५) बमोजिम अन्य ब्यक्ति वा समितिबाट जाँचबुझ गराएको भए जाँचबुझ गर्नेको प्रतिवेदनमा आफ्नो ठोस राय सहित र अख्तियारवाला आफैले जाँचबुझ गरेमा आफ्नो रायसुझाव सहित सजाय गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सजाय गर्ने अख्तियारवालाले प्रस्तावित सजाय किन नगर्ने भनी उचित म्याद दिई प्रस्तावित सजाय पाउने शिक्षक वा कर्मचारीसँग स्पष्टीकरण माग गर्नुपर्नेछ।

७४. सेवा आयोगसँग परामर्शः यस परिच्छेद बमोजिम कुनै शिक्षक वा कर्मचारीलाई विशेष सजाय गर्नुपर्ने भई नियम ७३ बमोजिमको कार्यविधि पूरा गरी अन्तिम पटक स्पष्टीकरण लिइसकेपछि भविष्यमा विश्वविद्यालय सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट हटाउने गरी सजाय गर्नुभन्दा अगाडी कारबाहीका सम्बन्धमा उठेका सम्पूर्ण कागजात सेवा आयोगमा पठाई सोबारे सेवा आयोगबाट परामर्श लिनु पर्नेछ ।

७५. सजाय गर्ने अधिकारीः ऐन वा यस नियममा स्पष्ट लेखिएकोमा बाहेक सामान्यतया यस परिच्छेद बमोजिमको सजाय गर्ने अधिकार कार्यकारी परिषद् वा कार्यकारी परिषद्ले तोकेको पदाधिकारी, ब्यक्ति वा समितिलाई हुनेछ

७६. पुनरावेदनः कुनै शिक्षक वा कर्मचारीलाई यस परिच्छेद् अन्तर्गत निजले पाएको सजायमा चित्त नबुझेमा आफ्नो पूर्ण विवरण र सजायको आदेशको सूचनाको प्रतिलिपि समेत साथै राखी सजायको सूचना पाएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र सो सजायको आदेश उपर विश्वविद्यालय पुनरावेदन आयोगमा पुनरावेदन दिन सकिनेछ ।

७७. सेवामा पुनः कायम र तलब भत्ताः शिक्षक वा कर्मचारीलाई यस परिच्छेद् बमोजिम विश्वविद्यालय सेवाबाट हटाउने वा बर्खास्त गर्ने आदेश बदर भई निज पुनः सेवामा कायम भएमा विश्वविद्यालय सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनः कायम भएको मितिसम्मको पूरा तलब भत्ता ग्रेड वृद्धि भए त्यस्तो वृद्धि समेत निजले पाउनेछ ।

७८. नोकरी थाम्न कर नलाग्नेः विश्वविद्यालय सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी भएको निर्णयमा चित्त नबुझी सम्बन्धित शिक्षक, कर्मचारीले विश्वविद्यालय पुनरावेदन आयोगसमक्ष पुनरावेदन दिएकोमा सो पुनरावेदन उपर सुनुवाई भई पुनः बहाली हुने निर्णय भएमा सो निर्णयको सूचना पाएको मितिले सम्बन्धित शिक्षक वा कर्मचारी ३५ दिनभित्र सम्बन्धित निकायमा हाजिर हुन नआए निजलाई सेवामा बहाल गर्न विश्वविद्यालय बाध्य हुने छैन ।

## परिच्छेद - १२
### विश्वविद्यालय सेवा आयोगको काम, कर्तव्य र अधिकार

७८. विश्वविद्यालय सेवा आयोगको काम, कर्तव्य र अधिकारः विश्वविद्यालय सेवा आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विश्वविद्यालय सेवामा शिक्षक र कर्मचारीको नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने,

(ख) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको सेवाशर्त सम्बन्धी कानूनको विषयमा आवश्यक परामर्श दिने,

(ग) विश्वविद्यालय सेवामा शिक्षक तथा कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा नियम ७४ बमोजिम आवश्यक परामर्श प्रदान गर्ने,

(घ) विश्वविद्यालय सेवामा शिक्षक र कर्मचारीको नियुक्ति तथा बढुवाका लागि परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षा सञ्चालन गर्ने गराउने,

(ङ) विश्वविद्यालय सेवामा शिक्षक तथा कर्मचारीको नियुक्ति र बढुवाको आधार र कार्यसम्पादन मूल्या°न तथा कार्य क्षमताको अंक विभाजन कार्यकारी परिषद्को सिफारिसमा निर्धारण गर्ने गराउने र सो सँग सम्बन्धित ढाँचा फर्महरू तोक्ने,

(च) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको वृत्ति विकास वा क्षमता वा दक्षता वृद्धि गराउने विषयमा विश्वविद्यालयले मागेका सुझावहरूमा आवश्यक अध्ययन गरी उपयुक्त र प्रभावकारी हुने सुझावहरू प्रदान गर्ने,

(छ एउटा विषयको दरबन्दीमा कार्यरत शिक्षकलाई अर्को विषयको दरबन्दीको शिक्षकमा परिवर्तन र एउटा पदमा कार्यरत कर्मचारीलाई समान तहको अर्को पदमा पद परिवर्तन सम्बन्धी विषयमा माग भए बमोजिम सम्बन्धित निकाय वा कार्यालयलाई आवश्यक परामर्श प्रदान गर्ने,

(ज) सेवा आयोगको कार्यक्षेत्रभित्र पर्ने विषयमा निरीक्षण वा जाँचबुझ गर्ने गराउने,

(झ) विश्वविद्यालयसँग सम्बन्धित कानूनबमोजिम तोकिएका अन्य कार्यहरू गर्ने गराउने ।

## परिच्छेद - १३
## विश्वविद्यालय सेवा आयोगको बैठक र निर्णय

८०. विश्वविद्यालय सेवा अयोगको बैठक र निर्णयः (१) विश्वविद्यालय ऐन र विश्वविद्यालयको प्रचलित नियमहरू बमोजिम सेवा आयोगले गर्नुपर्ने कामहरू सेवा अयोगको बैठकबाट निर्णय भए बमोजिम कार्यान्वयन गरिनेछ।

(२) सेवा आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन ।

(३) सेवा आयोगमा अध्यक्ष र एकजना सदस्यको उपस्थिति नभई बैठक बस्न सक्ने छैन ।

(४) बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) सेवा आयोगको निर्णय आयोगले तोकेको सदस्य वा अधिकृतले प्रमाणित गर्नेछ ।

(६) सेवा आयोगको निर्णय लिपिवद्ध गरी अभिलेख राखिने छ । यस प्रयोजनकोलागि सेवा आयोगले निर्णय पुस्तिकाको प्रयोग गर्न सक्नेछ ।

(७) सेवा आयोगको बैठक सञ्चालन र कार्यविधिहरू सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - १४

### विश्वविद्यालय सेवाको परीक्षा सञ्चालन र पाठ्यक्रम निर्धारण

८१. विश्वविद्यालय सेवाको परीक्षा सञ्चालनः (१) विश्वविद्यालय सेवाको पदपूर्तिका लागि आयोगबाट लिइने परीक्षा देहायको कुनै एक वा सो भन्दा बढी तरिका र प्रक्रियाद्धारा गर्न सकिनेछ ।

(क) खुल्ला, प्रतियोगितात्मक लिखित परीक्षा,

(ख) खुल्ला, प्रतियोगितात्मक प्रयोगात्मक परीक्षा,

*(ख१) विशेष आन्तरिक प्रतियोगिता

♣(ख२) ऐनको दफा ३ को उपदफा (२) र यसै नियमावलीको नियम १६ को उपनियम (४) बमोजिम समायोजन भई यस विश्वविद्यालयमा आएका वा समायोजन हुने सबै शिक्षक तथा कर्मचारीहरू र मिति २०६८/६/५ गते भन्दा अगाडी छनौट भई यस विश्वविद्यालयमा कार्यरत सबै शिक्षक तथा कर्मचारीहरू बीच मात्र एक पटकका लागि विशेष आन्तरिक प्रतियोगिता सञ्चालन गरी स्थायी पदपूर्ति गरिनेछ ।

*(ख३) माथि (ख१) र (ख२) मा उल्लेख गरिए बमोजिमको विशेष आन्तरिक प्रतियोगिताको हकमा उमेरको हद लाग्ने छैन ।

♦(ख४) विशेष आन्तरिक प्रतियोगिताको प्रक्रिया सेवा आयोगले तोके बमोजिम हुनेछ ।

(ग) छनोट र मूल्या°न

(घ) अन्तर्वार्ता र

(ङ) आवश्यकताअनुसार आयोगले तोकेका अन्य तरिका र प्रक्रियाहरूबाट ।

(२) उपनियम (१) बमोजिमको परीक्षा सम्बन्धी मूल्या°न विधि, भाषागत माध्यम र अन्य व्यवस्था र प्रक्रिया सेवा आयोगले तोकिएबमोजिम हुनेछ ।

(३) सेवा आयोगले शिक्षकको हकमा प्राज्ञिक परिषद्बाट र कर्मचारीको हकमा कार्यकारी परिषद्बाट निर्धारण भएको आधारमा परीक्षाका लागि प्राश्निक, परीक्षक, सम्परीक्षक, वा विशेषज्ञको व्यवस्था गर्नेछ ।

(४) सेवा आयोगले सञ्चालन गर्ने परीक्षा हुने मिति, समय, स्थान समेतको परीक्षा तालिका सार्वजनिक रूपमा प्रकाशन गरिनेछ ।

(५) उपनियम (४) बमोजिमको परीक्षा सेवा अयोगले कुनै उपयुक्त र पर्याप्त कारणको अभावमा स्थगित गर्न, रद्द गर्न वा संशोधन गर्न सक्ने छैन ।

---

* शिक्षक, कर्मचारी सेवा नियमावली (पहिलो संशोधन) २०७० द्वारा थप

♣ शिक्षक, कर्मचारी सेवा नियमावली (पहिलो संशोधन) २०७० द्वारा थप

* शिक्षक, कर्मचारी सेवा नियमावली (पहिलो संशोधन) २०७० द्वारा थप

♦ शिक्षक, कर्मचारी सेवा नियमावली (पहिलो संशोधन) २०७० द्वारा थप

(६) सेवा आयोगको कुनै पनि परीक्षा सञ्चालन हुँदाको बखत परीक्षा केन्द्रमा कुनै प्रकारको गडबडी वा अनियमितता वा कुनै बाधाअवरोध खडा भई परीक्षा संचालन हुन नसकेमा सो दिनको परीक्षा वा सोसँग सम्बन्धित विज्ञापनको सम्पूर्ण परीक्षा आंशिक वा पूर्ण रूपले सेवा आयोगले कारण जनाई रद्द गर्न सक्नेछ।

(७) परीक्षा सञ्चालनसम्बन्धी अन्य आवश्यक व्यवस्था सेवा आयोगले तोकिएबमोजिम हुनेछ।

८२. शैक्षिक योग्यता र पाठ्यक्रमः (१) यस नियमावलीको निमय ८१ बमोजिमको परीक्षा सम्बन्धी पाठ्यक्रम तोक्ने अधिकार सेवा आयोगलाई हुनेछ ।

(२) सेवा आयोगले उपनियम (१) बमोजिम शिक्षकको पाठ्यक्रम तोक्दा प्राज्ञिक परिषद्सँग र कर्मचारी पदका लागि पाठ्यक्रम निर्धारण गर्दा कार्यकारी परिषद्सँग राय सल्लाह लिनु पर्नेछ ।

(३) सेवा आयोगले आवश्यकताअनुसार पाठ्यक्रम निर्धारण, संशोधन र समसामयिक सुधारका लागि आवश्यक दक्ष विशेषज्ञको मनोनयन वा समितिको गठन गर्न सक्नेछ ।

(४) सेवा अयोगले आवश्यकता र औचित्यका आधारमा समय समयमा परीक्षाको पाठ्यक्रम पुनरावलोकन गरी गराई परीक्षा सञ्चालन गर्न सक्नेछ ।

(४) कुनै उम्मेदवारले कुनै विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यता सेवाको पदकालागि सेवा आयोगबाट तोकिएको वा मान्यता दिइएको योग्यता सरह छ छैन भन्ने निर्णय गर्ने अधिकार सेवा अयोागलाई हुनेछ ।

## परिच्छेद - १५

### विश्वविद्यालय सेवा आयोगसँग परामर्शसम्बन्धी कार्यविधि

८३. विश्वविद्यालय सेवासंग परामर्श लिँदा अपनाउनुपर्ने कार्यविधिः (१) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको सेवाका शर्त सम्बन्धी नियमको विषयमा आयोगको परामर्श लिँदा रजिष्ट्रार मार्फत लिनुपर्नेछ ।

(२) रजिष्ट्रारले विश्वविद्यालयको शिक्षक तथा कर्मचारीको सेवा शर्त सबन्धी कुनै नयाँ नियम बनाउनु परेमा वा भइरहेको नियममा कुनै संशोधन गर्नुपरेमा तत्सम्बन्धमा पूर्ण विवरण समेत खुलाई सेवा आयोगमा पठाउनु पर्नेछ ।

(३) विश्वविद्यालय सेवाको पदमा शिक्षक तथा कर्मचारीको सेवा शर्त सम्बन्धी नियम बमोजिम तोकिएको अवधिभन्दा बढी अवधिका लागि नियुक्ति गर्न सेवा आयोगको परामर्श लिँदा सम्बन्धित पदाधिकारीले कार्यकारी परिषद्को निर्णयानुसार सेवा आयोगको परामर्श लिनुपर्नेछ।

(४) शिक्षक तथा कर्मचारीलाई सेवा-शर्तसम्बन्धी नियम बमोजिम दिइने विश्वविद्यालयको सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट हटाउने विभागीय सजायको विषयमा सजाय दिने अख्तियारवालाले सेवा आयोगको परामर्श लिदा नियम बमोजिम गर्नुपर्ने विभागीय कारबाहीको प्रक्रिया पूरा गरी सो को आधारमा ठहर हुनुपर्ने विभागीय सजाय समेत खुलाई सम्बन्धित फाइलसाथ सेवा आयोगमा पठाउनुपर्नेछ ।

८४. विश्वविद्यालय सेवा आयोगले परामर्श दिंदाको अपनाउने कार्यविधिः (१) नियम ८३ को उपनियम (१) र (२) बमोजिम आयोगको परामर्श माग भई आएमा सेवालाई अधिक निपुण, प्रभावकारी र सुदृढ बनाउन सेवाको शर्त सम्बन्धी नियममा आवश्यक विचार र विश्लेषण गरी आयोगले परामर्श दिनेछ ।

(२) नियम ८३ को (३) बमोजिम परामर्श माग भई आएमा सेवा वा पदको कार्य प्रकृति समेतलाई विचार गरी परामर्श दिनेछ ।

(३) नियम ८३ को उपनिययम (४) बमोजिम सेवा आयोगको परामर्श माग भई आएमा सेवा आयोगले आवश्यक ठानेमा सजाय दिने अधिकारीसँग अरू थप सवुत प्रमाण समेत बुझी परामर्श दिनेछ ।

(४) नियम ८३ मा तोकिएको अवस्थामा बाहेक प्रचलित नियम बमोजिम सेवा आयोगले परामर्श दिनुपर्ने विषयमा सेवा आयोगले आवश्यक प्रक्रिया अपनाई परामर्श दिन सक्नेछ ।

## परिच्छेद - १६

### निरीक्षण

८५. निरीक्षणः (१) विश्वविविद्यालय सेवामा नियुक्ति, बढुवा, विभागीय कारबाही सम्बन्धी सेवा आयोगद्वारा प्रत्यायोजित कामहरू प्रचलित नियम बमोजिम छ छैन भन्ने विषयमा सेवा आयोगले निरीक्षण, सुपरिवेक्षण, जाँचबूझ गर्न गराउन सक्नेछ ।

(२) सेवा आयोगले प्रत्यायोजन गरेको अधिकार बमोजिम नियुक्ति वा बढुवा गरेको नपाईएमा नियुक्ति वा बढुवा हुने पदमा निर्धारित प्रक्रिया र शर्त पूरा नगरी कुनै शिक्षक वा कर्मचारी वा व्यक्तिलाई नियुक्ति वा बढुवा गरेको पाइएमा सेवा आयोगले सो नियुक्ति वा बढुवा अनियमित ठहऱ्याउन सक्नेछ ।

(३) निरीक्षण गर्दा सेवा आयेगको कार्यविधि प्रतिकूल काम-कारवाही भए गरेको देखिएमा वा निरीक्षणमा सेवा आयोगलाई कुनै पदाधिकारी, शिक्षक वा कर्मचारीले सहयोग नगरेमा त्यस्तो अनियमित गर्ने वा सहयोग नगर्ने पदाधिकारी, शिक्षक वा कर्मचारीलाई आवश्यक कारबाही गर्न सेवा आयोगले कार्यकारी परिषद्मा सिफारिस गर्न सक्दछ ।

८६. पुनरावलोकनः (१) सेवा आयोगले नयाँ नियुक्ति वा बढुवाका लागि सिफारिस पठाएकोमा सो बमोजिम नियुक्ति वा बढुवाको पत्र दिनुअगावै कुनै उम्मेदवारको सिफारिस उम्मेदवारले प्रस्तुत गरेका गलत विवरणको कारणबाट फिर्ता लिनुपरेमा सेवा आयोगले कारण उल्लेख गरी सिफारिस रद्द गरी योग्यता क्रमको अर्को सूचना प्रकाशित गर्नेछ ।

(२) कुनै विशेष कारण वा परिस्थिति परी सेवा आयोगले प्रदान गरेका परामर्श सिफारिस बमोजिम कारबाही गर्न बाधा पर्न आएमा सो कारण खोली कार्यकारी परिषद्ले पुनः विचारार्थ सेवा आयोगमा लेखी पठाएमा सेवा आयोगले सो मा विचार गर्दा पूर्वपरामर्श वा सिफारिसलाई संशोधन गर्न पर्याप्त आधार देखेमा/पाएमा सेवा आयोगले पूर्वपरामर्श वा सिफारिसमा संशोधन गर्न सक्नेछ ।

## परिच्छेद - १७

### अधिकार प्रत्यायोजन

८७. अधिकार प्रत्यायोजनः (१) सेवा आयोगले आफ्नो अधिकारहरूमध्ये केही वा सबै अधिकार विश्वविद्यालयको कुनै समिति वा आफैले समिति गठन गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयमा सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार प्रत्यायोजन गर्न सक्ने छैन ।

(क) विश्वविद्यालयको प्राध्यापक वा सह-प्राध्यापक वा सो सरहको शिक्षक पदमा नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने विषयमा,

(ख) विश्वविद्यालयको सह-प्रशासक वा सो सरहको प्रशासनिक तथा अन्य पदमा नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने विषयमा,

(ग) विश्वविद्यालयको शिक्षक तथा कर्मचारीको सेवाको शर्तसम्बन्धी नियम संशोधन गर्ने विषयको परामर्श दिने विषयमा,

(घ) विश्वविद्यालयको शिक्षक तथा अधिकृत स्तरका कर्मचारीलाई दिइने विभागीय कारवाही अन्तर्गत दिइने विशेष सजायको सम्बन्धमा परामर्श दिने विषयमा,

(ङ) कुनै पनि शिक्षक वा कर्मचारी आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्कापर्ने गरी सेवा शर्तहरू थपघट गर्ने विषयमा,

(च) करार सेवामा प्राध्यापक वा सह-प्राध्यापक र सहप्रशासक वा सो सरहको पदमा नियुक्ति गर्ने, सोभन्दा मुनिको कुनै पनि पदमा एकै पटक वा पटक-पटक गरी ३ (तीन) वर्षभन्दा बढी अवधिका लागि नियुक्तिका सम्बन्धमा सहमति दिने विषयमा,

(छ) शिक्षक पदबाट प्रशासनिक पदमा र प्रशासनिक वा अन्य पदबाट शिक्षक पदमा सेवा परिवर्तन गर्ने गराउने विषयमा ।

(३) सेवा आयोगले अधिकार प्रत्यायोजन गर्दा सो अधिकार प्रत्यायोजन सम्बन्धी सिद्धान्त प्रक्रिया वा कार्यविधि तोक्नेछ ।

(४) उपनियम (१) बमोजिम उजुरी परेमा सेवा आयोगले सो सम्बन्धमा जाँचबुझ गरी ६० दिन भित्र विश्वविद्यालयका निकायहरूलाई आवश्यक आदेश दिनेछ ।

८८. उजुरीः (१) यस नियमावली बमोजिम सेवा आयोगद्वारा प्रत्यायोजन गरेको अधिकार प्रयोग गरी गरेका काम कारबाहीमा चित्त नबुझ्ने शिक्षक, कर्मचारी वा व्यक्तिले सो काम कारबाही भए गरेको मितिले पैतीस दिनभित्र सेवा आयोग वा सेवा आयोगले तोकेको अधिकारी समक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो काम कारबाही उपर पुनरावेदन लाग्ने छुट्टै व्यवस्था भएमा सोही बमोजिम पुनरावेदन लाग्नेछ ।

८९. सेवा आयोगको कार्यालयः (१) सेवा आयोगका कामहरू सुचारू रूपले सञ्चालन गर्न गराउनु सेवा आयोगको एक छुट्टै कार्यालय रहनेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यालय सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सदस्य अधिकृत कर्मचारीको प्रत्यक्ष रेखदेख वा नियन्त्रणमा रहनेछ ।

(३) सेवा आयोगको कार्यालयमा रहने शिक्षक वा कर्मचारीको दरवन्दी सेवा आयोगको सिफारिसमा कार्यकारी परिषद्ले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) सेवा आयोगको कार्यालयमा कार्यरत शिक्षक वा कर्मचारीको विदा, काज, सरूवा र अन्य व्यवस्था सेवा आयोगको अध्यक्षको सिफारिस वा सहमतिबिना कार्यकारी परिषद् केन्द्रीय कार्यालय वा कुनै पदाधिकारीले गर्न सक्ने छैन ।

९०. आचार संहिताः (१) सेवा आयोगको कार्यालयमा कार्यरत रहेका शिक्षक/कर्मचारीका लागि परिच्छेद १० बमोजिम आचारसंहिता लागू हुनेछ ।

(२) यस्ता शिक्षक वा कर्मचारीकालागि विशेष आचारसंहिता समेत सेवा आयोगले तोक्न सक्नेछ।

(३) यसरी तोकिएका विशेष आचारसंहिता विश्वविद्यालयका शिक्षक तथा कर्मचारी सेवा-शर्तसम्बन्धी नियममा समावेश भएसरह हुनेछन् ।

९१. कार्यविधि निर्धारणः सेवा आयोगले आफ्नो कार्यालयको काम कारवाही सम्बन्धी आन्तरिक कार्यविधि र कार्यप्रणाली निर्धारण गर्न सक्नेछ ।

९२. गोप्यताः (१) सेवा आयोगले लिने परीक्षाहरूसंग सम्बन्धित सबै प्रकारका अभिलेखहरू गोप्य रहनेछन् ।

(२) सेवा आयोगका अध्यक्ष तथा सदस्य एवं सेवा आयोगका कामसँग सम्बन्धित रहेका प्राश्निक, परीक्षक, विशेषज्ञ, दक्ष शिक्षक तथा कर्मचारीले बहाल रहेका वा अवकाशपछिको अवस्थामा समेत सेवा आयोग सम्बन्धी कामको गोप्यता कायम राख्नुपर्नेछ ।

९३. विशेष व्यवस्थाः यो नियम लागू हुनुभन्दा पहिले भएका काम कारवाहीहरू मध्ये टुंगो लागी नसकेका, कामकारबाहीहरू तत्कालीन नियम बमोजिम नै वा आयोगले निर्णय गरी टुंगो लगाउन सक्नेछ ।

(२) यस विश्वविद्यालय ऐन बमोजिम त्रिभुवन विश्वविद्यालयबाट समावेश हुन आएका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूसँग सम्बन्धित निकायहरूमा कार्यरत शिक्षक, कर्मचारीको समायोजन प्रक्रिया यस विश्वविद्यालय ऐनको अधीनमा रही कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद - १८

### पुनरावेदन आयोग

८४. आयोगको गठनः (१) विश्वविद्यालयको सांगठनिक संरचना अन्तर्गत तीन सदस्यीय एक विश्वविद्यालय पुनरावेदन आयोग गठन हुनेछ ।

(२) उपनियम (१) बमोजिमको पुनरावेदनको आयोगमा एकजना अध्यक्ष र दुई जना सदस्य रहनेछन ।

(३) पुनरावेदन आयोगको अध्यक्ष र सदस्यहरूको योग्यता र नियुक्ति सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ।

(क) कानूनमा स्नातक वा सोभन्दा माथिको तह उत्तीर्ण गरी कानूनी वा न्यायिक क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरू मध्येबाट एकजनालाई कार्यकारी परिषद्को सिफारिसमा विश्वविद्यालय सभाले पुनरावेदन आयोगको अध्यक्ष पदमा नियुक्त गर्नेछ ।

♦(ख) कानुन वा जनप्रशासन वा व्यवस्थापन क्षेत्रमा विशेषज्ञता भएका व्यक्ति वा विश्वविद्यालय वा सरकारी वा सार्वजनिक संस्थान सेवाबाट निवृत भएका कम्तीमा सह प्राध्यापक वा सह प्रशासक वा सह सचिव मध्येबाट कार्यकारी परिषद्को सिफारिसमा विश्वविद्यालय सभाले दुई जना सदस्यको नियुक्ति गर्नेछ।

✦(ग) उपनियम (क) र (ख) मा जेसुकै कुरा लेखिएको भएतापनि विश्वविद्यालय सभाको बैठक नबसेको अवस्थामा अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नु पर्ने भएमा वा निजहरूको पद रिक्त भएमा सो रिक्त पदमा कार्यकारी परिषद्बाट यस नियमबमोजिम योग्यता पुगेका व्यक्तिलाई अध्यक्ष वा सदस्य नियुक्त गर्न सकिनेछ । सो नियुक्ति लगत्तै बस्ने सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(घ) आयोगका अध्यक्ष तथा सदस्यहरू आंशिक समय काम गर्ने पदाधिकारी हुनेछन् ।

(ङ) देहायको अवस्थामा अध्यक्ष र सदस्यको पद रिक्त भएको मनिनेछः

(१) कार्यकारी परिषद्समक्ष निजले पेश गरेको राजीनामा स्वीकृत भएमा वा

(२) निजको मृत्यु भएमा वा

(३) मानसिक असन्तुलन भएको भनी आधिकारिक रूपमा प्रमाणित भएमा वा

(३) निजको पदावधि पूरा भएमा वा

---

♦ शिक्षक, कर्मचारी सेवा नियमावली (दोस्रो संशोधन) २०७१ द्वारा संशोधित
✦ शिक्षक, कर्मचारी सेवा नियमावली (दोस्रो संशोधन) २०७१ द्वारा संशोधित

(४) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतले कसूरदार ठहऱ्याई कैदको सजाय दिएमा वा

(५) मनासिब माफिकको कारणविना लगातार ३ पटकभन्दा बढी आयोगको बैठकमा अनुपस्थिति भएमा वा

(६) अन्य देशको स्थायी वसोवास प्रमाणपत्र लिएमा ।

८५. आयोगको अधिकार र अधिकारको प्रयोगः (१) आयोगले आफूलाई प्राप्त अधिकारको प्रयोग अध्यक्ष र सदस्यले सामूहिक रूपले गर्नेछन् । बहुमतको निर्णय आयोगको निर्णय मानिनेछ ।

(२) उपनियम (१) मा जेसुकै लेखिएको भएता पनि अध्यक्ष र एकजना सदस्यको उपस्थितिमा पुनरावेदन किनारा लगाउन सकिनेछ ।

(३) अध्यक्ष बाहेक दुईजना सदस्यहरूको उपस्थितिमा अन्तिम निर्णय दिने बाहेक अरू कारवाही अघि बढाउन सकिनेछ ।

(४) उपनियम (२) बमोजिम अध्यक्ष र एकजना सदस्यको उपस्थितिमा पेश भएको निवेदन वा पुनरावेदनमा अध्यक्ष र सदस्यका बिच राय बाझिन गै निर्णय हुन नसकेमा सो दिन अनुपस्थित भएका सदस्यका समक्ष अर्को दिनको सुनुवाईको मिति तोकी पेश गरिनेछ ।

(५) निवेदन वा पुनरावेदनका सम्बन्धमा उपनियम (१) बमोजिम बहुमतबाट निर्णय हुन नसकेमा अध्यक्षको रायलाई नै आयोगको निर्णय मानिनेछ ।

(६) आयोगको निर्णय अन्तिम हुनेछ ।

८६. आयोगको अधिकार क्षेत्रः (१) सेवा आयोगले आन्तरिक प्रतियोगिताद्वारा गरेका नियुक्ति वा बढुवाकालागि गरेको सिफारिस, शिक्षक तथा कर्मचारीहरूको सेवा-शर्तका वा विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन समबन्धी नियम २०६८ ले तोके बमोजिम पुनरावेदन सुन्ने अधिकार पुनरावेदन आयोगलाई हुनेछ ।

(२) आयोगले सामान्यतया ३० दिनभित्र पुनरावेदनको टुंगो लगाउनुपर्छ ।

८७. आयोगको कार्यविधिः पुनरावेदनका सम्बन्धमा प्रमाण बुझ्ने, मिसिल झिकाउने, तारेख तोक्ने जस्ता कार्य संग सम्बन्धित कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

८८. प्रतिरक्षाः आयोगमा परेको निवेदन वा पुनरावेदनका सम्बन्धमा पक्षले चाहेमा कानून व्यवसायीद्वारा बहस पैरवी र प्रतिरक्षा गराउन सक्नेछ ।

८९. आयोगका अध्यक्ष तथा सदस्यहरूको पदावधि तथा अन्य सेवा-शर्त सम्बन्धी सुविधाहरूः (१) आयोगका अध्यक्ष तथा सदस्यहरूको पदावधि ३ (तीन) वर्षको हुनेछ ।

(२) आयोगका अध्यक्ष तथा सदस्यहरूको पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरू कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ ।

१००. आयोगलाई आवश्यक कर्मचारी तथा अन्य व्यवस्थाः यस नियमावली बमोजिम आयोगलाई आफ्नो कार्य सम्पादन गर्न आवश्यक पर्ने कर्मचारी र आवश्यक स्रोत, साधन कार्यकारी परिषद्ले उपलब्ध गराउनेछ ।

१०१. निर्णयको कार्यान्वयनः आयोगको निर्णयको कार्यान्वयन सेवा आयोगको सम्बन्धमा सेवा आयोगले र अन्यको हकमा कार्यकारी परिषद्ले गर्ने गराउनेछ ।

१०२. नक्कलः कुनै पक्षले मिसिल संलग्न कुनै कागजातको नक्कल लिन चाहेमा आयोगले तोकेबमोजिमको कार्यविधि पूरा गरी नक्कल दिनु पर्नेछ ।

## परिच्छेद - १८

### विविध

१०३. पूर्वसूचनाः (१) स्थायी, शिक्षक वा कर्मचारीले विश्वविद्यालय सेवाबाट राजीनामा दिन चाहेमा निजले १ महिनाको पूर्वसूचना दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना नदिएको खण्डमा विश्वविद्यालयले निजसँग १ महिनाको तलब असुल गर्न सक्नेछ ।

(३) माथि नियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी परिषद्ले उचित ठानेमा उक्त १ महिनाको अवधिलाई घटाउन सक्नेछ ।

१०४. सुविधा दिनेः (१) विश्वविद्यालयको हितलाई ध्यानमा राखी कुनै पदको दरबन्दी खारेज गर्ने निर्णय भएमा र सो निर्णयको फलस्वरूप कुनै स्थायी शिक्षक वा कर्मचारी विश्वविद्यालय सेवाबाट हट्ने भएमा सो शिक्षक वा कर्मचारीलाई ३ महिनाको पूर्वसूचना वा ३ महिनाको तलब दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम खारेज भएको पदमा विश्वविद्यालयले यथाशक्य अरू खाली रहेका उपयुक्त पदमा मिलाउन प्रयास गर्नेछ ।

(३) विश्वविद्यालय सेवा अन्तर्गत अविच्छिन्न १० वर्षसम्म अस्थायी वा करार सेवामा काम गरेका तर ४५ (पैतालीस) वर्ष उमेर नाघेका शिक्षक तथा कर्मचारी कुनै कारणले स्थायी नियुक्त हुन नसकेमा यो नियम प्रारम्भ भएपछि निजलाई बढीमा १० (दश) महिनाको सुरू स्केलको तलब एकमुष्ट प्रदान गरी सेवाबाट अवकाश दिन सकिनेछ ।

१०५. नीरोगिताको प्रमाणपत्रः स्थायी हुनुभन्दा पहिले प्रत्येक शिक्षक तथा कर्मचारीले विश्वविद्यालयबाट मान्यता प्राप्त कुनै चिकित्सकबाट नीरोगिताको प्रमाणपत्र सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ ।

(१) यो नियमको प्रयोजनकालागि विश्वविद्यालय वा नेपाल सरकार स्वास्थ्य सेवा अन्तर्गतका मान्यताप्राप्त चिकित्सकहरूबाट जारी भएको निरोगिताको प्रमाणपत्रलाई मान्यता दिईनेछ ।

१०६. काम गर्ने समयः (१) शिक्षक वा कर्मचारीहरूले विश्वविद्यालयको निकायमा काम वा सेवा गर्नुपर्ने समय सम्बन्धित निकायको प्रमुखले तोकेबमोजिम हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आवश्यकता परेको अवस्थामा कुनै पनि शिक्षक कर्मचारीले सो तोकिएको समयभन्दा बढी काम वा सेवा गर्नुपर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम विश्वविद्यालयको निकायहरूमा काम वा सेवा गर्दा तोकिएको समयभन्दा बढी काम वा सेवा गर्नुपरेमा कार्यकारी परिषद्ले समय समयमा तोकेबमोजिम अतिरिक्त पारिश्रमिक दिनेछ।

(४) अख्तियारवालाको स्वीकृति लिई अतिरिक्त काम वा सेवा गराएको भएमा मात्र अतिरिक्त पारिश्रमिक दिइनेछ ।

(५) काठमाडौं उपत्यका भित्रको लागि प्रत्येक आर्थिक वर्षमा नेपाल सरकारले तोकेको स्थानीय बिदा हुनेछ ।

(६) उपत्यका बाहिरका निकायको हकमा स्थानीय रूपमा विचार गरी बढीमा ४ दिनको स्थानीय विदा दिने अधिकार विश्वविद्यालयका सम्बन्धित निकाय प्रमुखलाई हुनेछ ।

(७) नेपाल सरकारले विशेष अवसरमा दिएको सार्वजनिक विदा यस विश्वविद्यालयमा पनि लागू हुनेछ ।

१०७. सेवा विवरणः (१) केन्द्रीय कार्यालयमा विश्वविद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको सेवा सम्बन्धी विवरणको दर्ता किताव राखिनेछ ।

(२) सेवा विवरण दर्ता किताबमा शिक्षक वा कर्मचारीको उमेर, प्रवेशिका परीक्षा (एस.एल.सी.) को प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र अन्य शैक्षिक प्रमाणपत्रहरू जन्म दर्ता, र जन्ममिति प्रमाणपत्रअनुसार उक्त सेवाअनुसार विवरण भरिनेछ ।

(३) उपनियम (२) बमोजिम कुनै प्रमाणपत्र नभएमा उपकुलपतिबाट तोकेको समिति वा पदाधिकारीबाट उमेरको निर्णय मानिनेछ ।

(४) उमेरसम्बन्धी कुनै प्रश्न उठेमा विश्वविद्यालय सेवा विवरण दर्तामा चढाएको उमेर अन्तिम र आधिकारिक मानिने छ र विश्वविद्यालय सेवाबाट अनिवार्य अवकाशकालागि सोही सेवा दर्तामा चढाएको उमेर आधिकारिक मानिनेछ ।

(५) विश्वविद्यालय सेवा पुस्तिकामा प्रत्येक शिक्षक तथा कर्मचारीको सेवा तथा आचरणसम्बन्धी हरेक वर्ष प्राप्त हुने विवरण वा प्रतिवेदनको सारांश लेखी अभिलेखीकरण गरिने छ ।

(६) शिक्षकहरूले विश्वविद्यालयमा पेश गरेका, वर्षभरिमा प्रकाशित गरेका पाठ्यपुस्तक वा अनुसन्धानात्मक कृतिहरूको सूची समेत उक्त अभिलेखमा समावेश गर्नुपर्ने छ ।

१०८. बुझबुझारथः (१) शिक्षक वा कर्मचारीले विश्वविद्यालय सेवा छाड्दा अख्तियारवाला तोकेको शिक्षक वा कर्मचारी वा ब्यक्तिलाई निजले विश्वविद्यालय सेवा छोडेको ३५ दिनभित्र यस विश्वविद्यालयको आर्थिक प्रशासन नियमावली २०६८ बमोजिम बुझबुझारथ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बुझबुझारथ नगरेसम्म सञ्चयकोषमा रहेको रकम बाहेक विश्वविद्यालयबाट पाउने रकम रोक्का गरिनेछ ।

(३) उपनियम (१) बमोजिम बुझबुझारथ नगरेको खण्डमा निजसँग बाँकी रहेको बक्यौता उपनियम (२) मा लेखिए बमोजिम रोक्का रहेको रकम समेतबाट अख्तियारवालाले असुल उपर गर्नेछ ।

(४) विश्वविद्यालय अन्तर्गत एक निकायबाट वा अर्को निकाय वा कार्यालयमा सरूवा हुने शिक्षक कर्मचारीले यस नियममा उल्लेख भएबमोजिम बुझबुझारथ गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम म्यादभित्र बुझबुझारथ नगरेमा यस्ता शिक्षक, कर्मचारीको तलब रोक्का गरिनेछ।

१०९. राजीनामा सम्बन्धी व्यवस्थाः (१) शिक्षक, कर्मचारीले स्वेच्छाले आफ्नो पदबाट राजीनामा दिन चाहेमा आफू कार्यरत कार्यालयमा लिखित रूपमा राजीनामा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम आफ्नो कार्यालयमा पेश हुन आएको राजीनामामा सम्बन्धित शिक्षक कर्मचारीलाई राजीनामा स्वीकृत गर्ने अधिकारीको अगाडी सनाखत गराउनु पर्नेछ ।

(३) नेपाल बाहिर रहेका शिक्षक, कर्मचारीले राजीनामा सनाखत गराउनु पर्दा नेपाली राजदुतावास समक्ष र नेपाली राजदुतावास नभएको मुलुकमा रहेको भएमा सम्बन्धित मुलुकको नोटरी पब्लिक समक्ष सनाखत गराई पठाउन सक्नेछ ।

११०. समायोजनः (१) विश्वविद्यालय ऐनको दफा ३ (२) बमोजिम समायोजन भई आउने सम्पूर्ण स्थायी शिक्षक, कर्मचारीहरूलाई समायोजन भएको मितिबाट निजहरूले खाईपाइ आएको प्रचलित ग्रेडमा दुई ग्रेड थप गरिनेछ।

(२) उपनियम (१) बमोजिमको समायोजन सम्बन्धी अन्य व्यवस्था कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ ।

✦११०क. समायोजन सम्बन्धि विशेष व्यवस्थाः (१) नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७४/०६/०२ को निर्णयबाट सुदूरपश्चिम विश्वविद्यालयका १५ वटा आंगिक क्याम्पसका लागि स्वीकृत शिक्षक, कर्मचारीको दरवन्दी समायोजन गरि स्थायी पदपूर्ति गर्दा सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ को दफा २० को उपदफा (६) वमोजिम उक्त क्याम्पसमा गरेको स्थायी सेवा अवधि विश्वविद्यालय सेवामा गणना गरिने व्यवस्था भएकोले सुदूरपश्चिम विश्वविद्यालय सभाबाट आंगिक क्याम्पसका रूपमा आवद्ध गर्ने निर्णय भएको मितिसम्म उक्त क्याम्पसहरूमा स्थायी नियुक्ति प्राप्त शिक्षक, कर्मचारीहरूलाई सभाको उक्त निर्णय भएको समयमा कार्यरत रहेको पदमा नै सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्ले निजको स्थायी सेवा अवधि गणना हुने गरि समायोजन गरि सुदूरपश्चिम विश्वविद्यालय सेवाको स्वीकृत स्थायी दरवन्दीमा समायोजन नियुक्ति गरि स्थायी पदपूर्ति गर्नेछ।

✦ शिक्षक, कर्मचारी सेवा नियमावली (पाँचौ संशोधन) २०७४ द्वारा संशोधित

(२) सुदूरपश्चिम विश्वविद्यालय सभाबाट आंगिक क्याम्पसका रूपमा आवद्ध गर्ने निर्णय भएको मितिदेखि हालसम्म अटूट रुपमा अस्थायी वा पूर्णकालीन करारमा कार्यरत शिक्षक, कर्मचारीको स्वीकृत दरवन्दीमा समायोजन गर्दा निज शिक्षक, कर्मचारीहरूलाई सभाको उक्त निर्णय भएको समयमा कार्यरत रहेको पदमा नै सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्ले अस्थायी वा पूर्णकालीन करारमा समायोजन नियुक्ति गर्न सक्नेछ ।

(३) उपनियम (२) वमोजिम अस्थायी वा पूर्णकालीन करारमा समायोजन नियुक्ति भएका शिक्षक, कर्मचारीहरूको स्वीकृत दरवन्दीमा स्थायी पदपूर्ति गर्दा सुदूरपश्चिम विश्वविद्यालय सेवा आयोगबाट एक पटकका लागि मात्र उनीहरू वीच मात्र विशेष आन्तरिक खुल्ला प्रतियोगिता गराई स्थायी पदपूर्ति गरिनेछ ।

(४) उपनियम (३) वमोजिम समायोजन गरि पदपूर्ति गरिने शिक्षक, कर्मचारीहरूलाई विश्वविद्यालयको स्थायी सेवामा नियुक्ति गर्दा उमेरको हद लाग्ने छैन ।

(५) उपनियम (१) वमोजिम सुदूरपश्चिम विश्वविद्यालय सेवामा स्थायी पदपूर्ति गर्ने अन्य कार्यविधी सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्ले निर्धारण गरे वमोजिम हुनेछ

(६) उपनियम (१) र (३) वमोजिम सुदूरपश्चिम विश्वविद्यालय सेवामा स्थायी पदपूर्ति भई नियुक्त हुने शिक्षक, कर्मचारीको उपदान तथा निवृत्तिभरण सुदूरपश्चिम विश्वविद्यालयमा समायोजन भई स्थायी नियुक्ति पाएको मितिबाट गणना हुने गरि योगदानमा आधारित उपदान तथा निवृत्तिभरण प्रदान गरिनेछ ।

(७) सुदूरपश्चिम विश्वविद्यालय सेवामा उपनियम (१) र (३) वमोजिम समायोजन भइ स्थायी नियुक्ति भएको शिक्षक, कर्मचारीहरूको साविकको क्याम्पसबाट लिनुपर्ने उपदान, निवृत्तिभरण, विदाहरू तथा औषधोपचार खर्च सम्बन्धित क्याम्पस बाटै फरफारक गरि आउनु पर्नेछ । सुदूरपश्चिम विश्वविद्यालयमा समायोजन भइ स्थायी नियुक्ति पाएको मितिदेखि लागू हुने गरि मात्र निवृत्तिभरण, संचयकोष, उपदान, विदा र औषधोपचार लगायतका सुविधाहरूको अवधि गणना गरि प्रदान गरिनेछ ।

[§§] **११०ख.** (१) नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७४/०६/०२ गतेको निर्णय वमोजिम सुदूरपश्चिम विश्वविद्यालयका आंगिक क्याम्पसको रूपमा आवद्ध गरिएका १५ क्याम्पसहरू मध्ये आवद्ध हुन बाँकी क्याम्पस र सोही निर्णय वमोजिम समायोजन गरिएका क्याम्पसहरूमा कार्यरत शिक्षक, कर्मचारी मध्ये नियम ११०क. वमोजिम समायोजन नियुक्ति नपाएका स्थायी शिक्षक, कर्मचारीहरूको हकमा आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूले आवश्यकता र औचित्यका आधारमा तोकिएको प्रक्रिया पुरा गरि नियुक्त गरेका शिक्षक कर्मचारीहरूलाई

---

[§§] शिक्षक कर्मचारी सेवा नियमावली, छैठौं संशोधन २०७७ द्वारा थप

नेपाल सरकार मन्त्रीपरिषद्द्वारा स्वीकृत दरबन्दी संख्या भित्र रही सुदूरपश्चिम विश्वविद्यालय र क्याम्पस सञ्चालक समिति बीच द्विपक्षीय सम्झौता भएका समयमा जो जुन पदमा कार्यरत छन् सोही पदमा कार्यकारी परिषद्द्वारा तोकिएको मापदण्ड अनुसार सेवा आयोगको सिफारीशमा स्थायी नियुक्ति गरिनेछ । स्थायी पदपूर्ति नहुञ्जेल सम्म संशोधित नियम सभाबाट पारित भएको मितिदेखि लागू हुने गरि सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ को दफा २०(१) तथा २०(४) वमोजिम क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरू विश्वविद्यालयको आंगिक क्याम्पसको शिक्षक तथा कर्मचारीहरूको रूपमा कार्यरत मानिनेछ ।

(२) उपनियम (१) वमोजिमको अवधिसम्म अस्थायी, पूर्णकालीन करार नियुक्त गरेका शिक्षक, कर्मचारीहरूलाई स्वीकृत दरवन्दी संख्या भित्र स्थायी पदपूर्ति गर्दा सुदूरपश्चिम विश्वविद्यालय सेवा आयोगबाट एक पटकको लागि मात्र उनीहरू वीच विशेष आन्तरिक प्रतिस्पर्धा गराई स्थायी पदपूर्ति गरिनेछ ।

(३) उपनियम (१) र (२) वमोजिम पदपूर्ति गरिने शिक्षक, कर्मचारीहरूलाई विश्वविद्यालयको स्थायी सेवामा नियुक्ति गर्दा उमेरको हद लाग्ने छैन ।

(४) उपनियम (१) र (२) वमोजिम सुदूरपश्चिम विश्वविद्यालय सेवामा स्थायी पदपूर्ति भई नियुक्त हुने शिक्षक, कर्मचारीको उपदान तथा निवृत्तिभरण सुदूरपश्चिम विश्वविद्यालयमा नियुक्त भई स्थायी नियुक्ति पाएको मितिबाट गणना हुने गरि योगदानमा आधारित उपदान तथा निवृत्तिभरण प्रदान गरिनेछ ।

(५) सुदूरपश्चिम विश्वविद्यालय सेवामा उपनियम (१) र (२) वमोजिम नियुक्ति भएका शिक्षक, कर्मचारीहरूको साविकको क्याम्पसबाट लिनुपर्ने उपदान, निवृत्तिभरण, विदाहरू तथा औषधोपचार खर्च सम्बन्धित क्याम्पस बाटै फरफारक गरि आउनु पर्नेछ । सुदूरपश्चिम विश्वविद्यालयमा स्थायी नियुक्ति पाएको मितिदेखि लागू हुने गरि मात्र निवृत्तिभरण, संचयकोष, उपदान, विदा र औषधोपचार लगायतका सुविधाहरूको अवधि गणना गरि प्रदान गरिनेछ ।

(स्पष्टिकरणः क्याम्पसहरूमा कार्यरत शिक्षक कर्मचारीहरू मध्ये नियम ११०क. वमोजिम समायोजन हुंदाका अवस्थामा २०७० र २०७१ को सभाको निर्णयलाई स्वीकार गरी यस विश्वविद्यालयमा यसपूर्व समायोजन नियुक्ति पाएका शिक्षक तथा कर्मचारीहरूको हकमा पदीय हैसियत फरक परेको अवस्थामा मर्का पर्ने शिक्षक कर्मचारीहरूलाई संशोधित ११०ख.(१) ले आवद्ध हुन वाधा पुऱ्याएको मानिने छैन, तर यसपूर्व समायोजन नियुक्ति लिई सोही वमोजिम विश्वविद्यालयबाट सेवा सुविधा लिएका शिक्षक कर्मचारीलाई यस नियम वमोजिम नियुक्ति लिएको मितिबाट मात्र नियुक्त पदको सेवा सुविधा उपलब्ध गराइनेछ ।)

१११. कार्यन्यवस्थापन प्रणालीः यस नियमको उद्देश्य पूरा गर्नको लागि यस नियमको अधीनमा रही कार्यकारी परिषद्ले विनियम, निर्देशिका, कार्यविधि, कार्यन्यवस्थापन प्रणाली बनाई लागू गर्न सक्नेछ ।